# मरिण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

## दोस्रो गाउँसभा तेस्रो अधिवेशनमा प्रस्तुत

## आर्थिक वर्ष २०८०।८१ को

## वार्षिक नीति तथा कार्यक्रम

मरिण गाउँपालिका

सम्मानित सभामा उपस्थित उपाध्यक्षज्यू,
सम्मानित सभा सदस्यज्यूहरु,

मरिण गाउँपालिकाको अध्यक्षको हैसियतले गरिमामय सभालाई तेस्रो पटक संवोधन गर्न पाउँदा म गौरवान्वित छु । यस गौरवपूर्ण अवसरमा म सर्वप्रथम नेपाली जनताको स्वतन्त्रता, नागरिक सर्वोच्चता, लोकतन्त्रको स्थापना, मुलुकको समृद्धि अमनचैन प्राप्ति तथा अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन र मधेस आन्दोलन लगायतका बलिदानीपूर्ण सङ्घर्षमा आफ्नो अमूल्य जीवनको प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते र वेपत्ता योद्दाहरुप्रति सम्मान प्रकट गर्दछु । साथै, मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरुसहित सम्पूर्ण नेपाली जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

इतिहासका कालखण्डहरुमा नेपालमा विविध स्वरुप एवं प्रकारका शासन प्रणालीको अभ्यास भयो । जसमा एकात्मक केन्द्रीकृत राज्य प्रणालीको राजतन्त्रात्मक व्यवस्था, राणा शासन, पञ्चायती शासन, बहुदलीय व्यवस्था हुँदै आज नेपाली जनताले परिवर्तनका लागि गरेको त्याग, बलिदान र जनआन्दोलनको उपजको रुपमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्क शासन प्रणालीको अभ्यास भएको विद्यमान अवस्थामा समावेशी र समाजिक न्याय सहितको संविधान संविधान सभाबाट जारी भइ समुन्नत नेपाल निर्माणका लागि तीन तहको सङ्घीय शासन प्रणाली अन्तर्गत सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार मार्फत् सङ्घीयताको प्रभावकारी कार्यान्वयन भएको छ । सिंहदरबारको अधिकार घरघरमा पुर्याउनको लागि स्थानीय तहको स्थापना भइ ७५३ वटा स्थानीय तहहरु मध्ये मरिण गाउँपालिकाको हकमा पनि मरिण सरकार सञ्चालन गर्न अमूल्य सल्लाह, सुझाव, साथ, सहयोग एवं सद्भाव व्यक्त गर्नु हुने आम मरिणबासी नागरिक, राजनीतिक दल, सरोकारवाला सबैमा हृदय देखि नै आभार व्यक्त गर्दछु ।

संविधान कार्यान्वयनको क्रममा स्थानीय सरकार गठन पश्चात पहिलो सात वर्षमा भूकम्प, कोभिड-१९, डेङ्गी लगायतका विभिन्न प्राकृतिक तथा मानवीय प्रकोपले नेपालको अर्थतन्त्रमा अनपेक्षित दबाब एवं चुनौती सिर्जना भएको छ । अर्थतन्त्रका विद्यमान

समस्यालाई समाधान गर्दै उत्पादन र उत्पाकत्व अभिवृद्धि मार्फत् आर्थिक वृद्धि हासिल गर्न एउटा स्थानीय तहको नाताले मरिण सरकारले पनि उल्लेखनीय भूमिका निर्वाह गर्नुपर्ने हुन्छ, त्यस प्रति मरिण सरकार प्रतिबद्ध छ ।

अर्थतन्त्रको पुनरुत्थान, राज्यका सबै तहमा सुशासनको प्रत्याभूति, विकास निर्माण कार्यमा तीव्रता, सेवा प्रवाहमा सरलीकरण, सामाजिक न्यायको प्रवर्द्धन गर्ने उद्देश्यले गाउँपालिका आफ्नो भूमिकामा अगाडि बढ्छ र आफ्ना सीमितताको बाबजुत उपलब्ध स्रोत साधनको अधिकत परिचालन मार्फत् अघि बढिरहेको छ ।

सार्वजनिक खर्चमा मितव्ययिता, पूँजीगत खर्च वृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, उत्पादन र रोजगारी वृद्धि, पर्यावरणीय सन्तुलन, आर्थिक-सामाजिक विभेदको अन्त्य, गरिबी निवारण, समावेशी विकास मरिण सरकारका प्रमुख नीतिगत प्राथमिकता हुनेछन् । गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट यिनै प्राथमिकतामा परिलक्षित हुनेछन् । प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा गाउँपालिकाका हरेक विकासात्मक क्रियाकलापहरुलाई उत्पादन र रोजगारी सिर्जनामा आवद्ध गरि किसान, वेरोजगार नागरिक, मजदुर, पछाडि पारिएको वर्ग एवं समुदाय तथा अन्य लक्षित वर्गलाई विशेष प्राथमिकता दिई तदनुरूप स्रोतसाधन परिचालन गरिनेछ ।

तीन तहका सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त बमोजिम कार्यात्मक अन्तर सम्बन्ध सुदृढ गरि काममा रहेको दोहोरोपनाको अन्त्य गर्दै बुझाईमा एकरुपताका साथ तीनै तहका सरकारको अपनत्व कायम हुने गरि योजना तथा कार्यक्रमको प्राभावकारी कार्यान्वयन गरिनेछ ।

सार्वजनिक खर्चको विनियोजन तथा कार्यान्वयन क्षमतामा सुधार गरि पुँजीगत खर्च वृद्धि गर्दै प्रशासनिक खर्चमा मितव्ययिता कायम गरिनेछ । आर्थिक प्रशासनलाई थप पारदर्शी, नतिजामुखी र सूचना प्रविधिमा आधारित बनाइनेछ ।

विश्वव्यापी रुपमा झेल्नु परेको आर्थिक संकटजन्य विषम् परिस्थितिमा नागरिकको जीवनयापन सहज वनाउँदै गाउँपालिकाको वृहत्तर हितको निमित्त गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामय दोस्रो गाउँसभाको तेस्रो अधिवेशनमा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । विश्वव्यापी आर्थिक संकट एवं मन्दीको प्रभावबाट प्रभावित भएको देशको अर्थतन्त्रमा परेको नकारात्मक असरलाई केही हदसम्म न्यूनीकरण

गर्न मरिण गाउँपालिकाको बार्षिक नीति, कार्यक्रम तथा वजेटले सहयोग पुर्याउनेछ भन्ने अपेक्षा लिएको छु ।

"समृद्ध मरिण खुशी मरिणबासी" को नारालाई पूरा गर्न स्थानीय सरकारको नीति तथा कार्यक्रम केन्द्रित रहेको कुरा सम्मानित सभाका सदस्यज्यूहरुलाई अवगत गराउँदछु ।

गाउँपालिकाको वृहत्तर हित र गाउँवासीको तमाम ईच्छा र आकांक्षालाई सम्वोधन गर्न आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

मरिण गाउँपालिका

गाउँसभा सदस्यज्यूहरु,

अव म आगामी आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**क्षेत्रगत नीति तथा आधारहरुः**

# आर्थिक विकास

## कृषि तथा पशुपंक्षी विकासः

**"कृषि, पशुपालन र पूर्वाधारः मरिण गाउँपालिका विकासको आधार"** भन्ने दीर्घकालीन सोच हासिल गर्न नीति तथा कार्यक्रम तय गरि कार्यान्वयन गरिनेछः

१. आधुनिक कृषि प्रणालीको विकास गरि व्यवसायिक उत्पादनमुखी कृषि तथा पशुपालनलाई प्रवर्द्धन गर्दै गाउँपालिकालाई खाद्यान्न, दुध र मासुमा आत्मनिर्भर बनाउन नवप्रवर्तन एवं पशुपंक्षी वृहत् साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

२. मरिणको किसानलाई प्रोत्साहन र स्थानीय उत्पादन एवं उत्पादित वस्तुलाई प्रवर्द्धन गर्न बाहिरी जिल्लाबाट आयात हुने तरकारीजन्य वस्तुमा प्रतिवन्ध लगाई आयातलाई प्रतिस्थापन गर्ने नीति अवलम्बन गरि तत्काल कार्यन्वयन गरिनेछ ।

३. कृषि सिंचाइमा आम किसानहरुको पहुँच स्थापित गर्न "एक टोल एक लिफ्ट" सिंचाई निर्माणमा जोड दिईनेछ ।

४. मरिणको पहिचान माछा र तामाको व्यवसायिक उत्पादनलाई जोड दिई सोको ब्राण्डिङ्ग गरि बजारीकरणमा जोड दिईनेछ।

५. बागमती प्रदेश सरकार र मरिण सरकारको बीचमा भएको नवप्रवर्तन साझेदारी कोष अन्तर्गत उन्नत जातको भैंसी तथा बंगुरपालन कार्यक्रमको दिगोपनाका लागि आवश्यक बजेटको व्यवस्थापन गरि आवश्यक सहयोगका साथ-साथै नियमित अनुगमन, नियमन र निरीक्षणका कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै वितरित उन्नत जातको बंगुर तथा भैंसीको पाडीहरुको प्रजनन् व्यबस्थापनलाई जोड दिई त्यसबाट उत्पादित सन्ततिलाई उपहारको रुपमा गाउँपालिका अन्तर्गतका अन्य लाभग्राहीहरुलाई प्रदान गर्ने नीति अबलम्बन गरिनेछ ।

मरिण गाउँपालिका

६. गाउँपालिकाबाट प्रदान गरिने अनुदानको उपयोग, प्रभाव र परिणामलाई उत्पादन एवं उत्पादकत्व सँग आवद्ध गरि गरिबी निवारणमा टेवा पुर्याउने उद्देश्यका साथ बास्तविक व्यवसायिक कृषकहरुलाई प्रोत्साहन गर्न उत्पादन एवं विक्रीमा आधारित कृषि अनुदान कार्यक्रमलाई बढोत्तरी गर्दै निरन्तरता दिइनेछ ।

७. आगामी आ.व.मा आर्थिक विकास, उद्यमशील विकास, व्यवसायीकरण, कृषि प्रवर्द्धन, कृषि सहकारी मार्फत् सुलभ कर्जा प्रवाह, वीउ विजन व्यवस्थापन, एक घर एक कृषि सहकारी सदस्य, वित्तीय संस्थाहरुसँग उत्पादन वृद्धिका लागि सहजीकरण, सिंचाइ व्यवस्था, कृषिमा प्राविधिक सहयोग, बजारीकरण, उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८. मरिणको आर्थिक विकास र समृद्धिका लागि मार्गनिर्देश गर्ने स्थानीय आर्थिक विकास रणनीतिक योजना कार्यान्वयनमा ल्याईनेछ ।

९. कृषकहरुले उत्पादन गरेको बस्तु एवं सेवाको सुरक्षित भण्डारण गर्न निर्माण भएको चिस्यान केन्द्रको क्षमता अभिवृद्धि गरि व्यवस्थित रुपमा संचालन गरिनेछ ।

१०. हाल मरिण गाउँपालिका अन्तर्गत नयाँ बस्ती धमिलेमा निर्माणाधीन अवस्थामा रहेको कृषि बजारलाई व्यवस्थित ढंगले संचालन गरिनेछ ।

११. मरिणका किसानले उत्पादन गरेको कृषि उपजको वजारीकरणका लागि यातायातको सहज पहुँच स्थापित गर्न वितरण गरिएको कृषि एम्बुलेन्सलाई व्यवस्थित रुपमा संचालन गरिनेछ ।

१२. उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, पूर्वाधार निर्माण, खानेपानी तथा विद्युतमा सहज पहुँच लगायतका कृषि प्रवर्द्धनात्मक पूर्वाधारलाई प्राथमिकतामा राखिनेछ।

१३. मरिण गाउँपालिकाका किसानहरुमा कृषि सिंचाईको पहुँच वृद्धि गर्न एवं स्वच्छ खानेपानीको प्रत्याभूतिका लागि लिफ्ट सिंचाई तथा खानेपानीमा लाग्ने विद्युत महसुल निःशुल्क गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४. प्रत्येक कृषि योग्य भूमिमा निरन्तर सिंचाई उपलब्ध गराउन कुलोको निर्माण, मर्मत सम्भार तथा संरक्षण गरि कृषिको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरिनेछ ।

१५. मरिण गाउँपालिका अन्तर्गतका भू-क्षेत्रमा उत्पादन हुने कृषि उपजको सम्भाव्यतालाई अध्ययन गर्न कृषकहरुको सहभागिता र साझेदारीमा माटो परीक्षण तथा माटो उपचार अभियानलाई निरन्तरता दिईनेछ । गाउँपालिकामा नै माटो परीक्षणको लागि आवश्यक

उपकरण एवं सामग्रीको व्यवस्थापन गरि कृषि उत्पादनलाई पकेट क्षेत्रको रुपमा विकास गर्ने कार्यलाई प्रभावकारी वनाईनेछ ।

१६. खाद्य वालीको उत्पादन एवं उत्पादकत्व वृद्धि गरी गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर वनाईनेछ ।

१७. व्यवसायिक शिक्षा अन्तर्गत कृषि विषय पठनपाठन हुने विद्यालय तथा कलेजहरुसँग साझेदारी एवं समन्वयमा कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि र कृषकहरुको क्षमता विकासमा सहयोग पुर्याउने हेतुले मरिणमा स्थापना भएको बागमती प्रदेशको प्राकृतिक स्रोत तथा व्यवस्थापन कलेज सँगको सहकार्यमा कलेजका प्राज्ञिक प्राध्यापक र सिर्जनशील विद्यार्थीको ज्ञान उपयोग गर्ने नीति लिईनेछ ।

१८. कृषि क्षेत्रमा जलवायु र जमिनको उर्वरता अध्ययन गरि बालीहरुको पकेट क्षेत्र निर्धारण एवं एक गाउँ एक पकेट क्षेत्र विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१९. कृषि प्रणालीको आधुनिकीकरणको लागि कृषिमा यान्त्रीकरणलाई प्रोत्साहित गर्न लागत सहभागितामा आधारित आधुनिक कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइनेछ ।

२०. कृषि वालीमा रासायनिक मल तथा विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै नमूना जैविक उत्पादन क्षेत्र निर्धारण गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. कृषकले उत्पादन गरेको कृषि उपजलाई कृषि उपज संकलन केन्द्र मार्फत् विक्री वितरणको व्यवस्था मिलाइनेछ । गाउँपालिकामा निर्माणाधीन कृषि उपज संकलन केन्द्रलाई सुविधा सम्पन्न बनाई किसानको उत्पादनलाई बजारीकरणमा सहजीकरण गरिनेछ ।"एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन" नीति मार्फत् आत्मनिर्भर अर्थतन्त्रको निर्माणका लागि पहल गरिनेछ । गाउँपालिकामा आधुनिक शीत भण्डारण निर्माणको लागि सवै तहका सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

२२. तरकारी तथा फलफूल खेतीको सम्भाव्यता अध्ययन मार्फत् फलफूल पकेटलाई आधुनिकीकरण गरि व्यावसायिक तरकारी एवं फलफूल खेतीलाई प्रवर्द्धन गरिनेछ ।

२३. कृषकका समस्या तत्कालै सम्वोधन गर्न प्रत्येक वडामा कृषि/पशु प्राविधिकको व्यवस्था गरि क्रमशः कृषि तथा पशु सेवा केन्द्र सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२४. व्यवसायिक पशुपालनलाई प्रवर्द्धन गर्न उन्नत जातका बीउ बोका, घास, दाना लगायत आवश्यक अन्य विविध पक्षको सहज पहुँचलाई सुनिश्चित गरिने नीतिलाई निरन्तरता दिईनेछ ।

२५. तुलनात्मक लाभका नगदेबाली खेतीलाई प्राथमिकता दिइ प्रोत्साहन गरिनेछ । किसानलाई कृषिमा प्रोत्साहित गर्न उत्कृष्ट कृषक पुरस्कार प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२६. पशुपंक्षी पालन पकेट क्षेत्रलाई निरन्तरता दिई जलवायु तथा आहाराको उपलब्धता तथा सम्भाव्यताको आधारमा व्यवसायिक पशुपालनलाई प्रोत्साहित गरिने नीति अवलम्बन गरिनेछ ।

२७. गाउँपालिकाको आर्थिक एवं हेफर प्रोजेक्ट नेपालको प्राविधिक सहयोगमा निर्माणाधीन अत्याधुनिक पशु वधशालालाई तत्काल संचालनमा ल्याईनेछ ।

२८. सहकारी वा कृषक समूह मार्फत् बीउ तथा पशु प्रजनन् (कृत्रिम गर्भाधान) को सेवा प्रवाह गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

२९. गोठ तथा खोरहरुको सुधार, गोठेमलको संरक्षण गर्ने, कम्पोष्ट र भर्मी कम्पोष्ट मल बनाउने सीप तथा प्रविधि सम्बन्धी तालिम तथा सचेतना कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।

३०. पशुपालनमा हुने जोखिम न्यूनीकरण गर्न पशु बीमा कार्यक्रमलाई सरोकारवालाहरुको समन्वय एवं सहकार्यमा प्रोत्साहन गरिनेछ ।

३१. बालीनालीमा हुने जोखिम न्यूनीकरण गर्न वाली बीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

३२. कृषकहरुको कृषि उत्पादनलाई बजारीकरणका लागि सहजीकरण गरि हौसला प्रदान गर्न निर्माण भएको गाउँपालिका स्तरीय तरकारी संकलन केन्द्रलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

३३. दुग्ध पदार्थको संकलन र बजारीकरणलाई व्यवस्थित गर्न स्थापना भएको दुग्ध संकलन केन्द्रलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

३४. पशुहरुमा लाग्ने आन्तरिक, बाह्य परजिबी नियन्त्रणको लागि निःशुल्क वितरण गरिने पशु औषधि वितरण कार्यलाई थप उपचारात्मक सेवा सहित निरन्तरता दिईनेछ ।

३५. एकीकृत कृषि तथा पशु फर्म स्थापनाको लागि संभाव्यता अध्ययन गरिनेछ र यसै आ.ब. बाट बगर खेती कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

३६. मरिण गाउँपालिका भित्र उन्नत जातको बंगुर स्रोत केन्द्र स्थापना गरिनेछ ।

३७. पशु आहरलाई प्रवर्द्धन गर्न घाँस स्रोतकेन्द्र स्थापना गरिनेछ ।

३८. कृषिमा आत्मनिर्भर उत्पादनमा वृद्धि किसानको आत्मसम्मान मार्फत् मरिणको समृद्धि भन्ने मूल नाराका साथ कृषि कर्मलाई सम्मानित, प्रविधियुक्त एवं आधुनिकीकरण गरि अगाडि बढ्ने नीति लिईनेछ ।

३९. गाउँपालिकाको वृहत् कृषि तथा उद्यम विकास परियोजना कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४०. गाउँपालिका अन्तर्गतका किसानहरुलाई रासायनिक मल समयमै उपलब्ध गराउन पहल गरिनेछ । गाउँपालिका अन्तर्गतका किसानहरुलाई सरल, सहज एवं सर्वसुलभ ढंगबाट रासायनिक मल उपलब्ध गराउन गाउँपालिकामा सूचीकृत सहकारीहरु मार्फत् सम्बन्धित निकायमा समन्वय गरिनेछ ।

४१. व्यावसायिक कृषि तथा पशुपालनमा आधारित व्यवसायलाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ । गाउँपालिका क्षेत्रभित्रका बाँझो जग्गा उपयोगका लागि नीतिगत व्यवस्थाका लागि पहल गरिनेछ।

४२. विषादी मलको प्रयोगलाई न्यूनीकरण गरि प्राङ्गरिक मलको प्रयोगमा जोड दिन प्रत्येक वडा तथा टोलमा प्राङ्गरिक मल सम्बन्धी सीप विकास तालिम संचालन गरिनेछ ।

४३. स्थानीय उत्पादनलाई बढोत्तरी गर्दै आत्मनिर्भरता तर्फ उन्मुख हुँदै गाउँपालिका क्षेत्र बाहिरबाट हुने आयातलाई क्रमशः निरुत्साहित गर्न आयात प्रतिस्थापनको नीति लिइनेछ।

## पर्यटन प्रवर्द्धन तथा संस्कृतिः

४४. मरिण गाउँपालिकाको प्रमुख पर्यटकीय क्षेत्रको रुपमा रहेको ऐतिहासिक पञ्चकन्या पोखरीको पर्यटकीय पूर्वाधार निर्माणलाई निरन्तरता दिईनेछ । पञ्चकन्या पोखरीको साँस्कृतिक पर्यटकीय गुरुयोजना तयार गरि पञ्चकन्याको प्रतिमा स्थापना, पिकनिक स्पट निर्माण, बाल उद्यान निर्माण लगायत साँस्कृतिक संग्राहलयको स्थापना गरिनेछ ।

४५. पञ्चकन्या पोखरी परिसरको वन क्षेत्र भित्र सरोकारवालाहरुको समन्वयमा चिडिया खानाको निर्माणका साथै उक्त पोखरीमा जैविक रुपमा उपयुक्त हुने गरि विभिन्न प्रजातिका जलचर राख्ने प्रवन्ध मिलाईनेछ ।

४६. मरिण गाउँपालिका अन्तर्गत नमूना गाउँ एवं टोल विकास तथा होम-स्टे प्रवर्द्धन कार्यक्रम संचालनमा ल्याउन पहल गरिनेछ ।

४७. मरिण गाउँपालिका अन्तर्गत वडा नं. ०४ साहानमा अवस्थित पशुपतिनाथको मन्दिर परिसरमा चिल्ड्रेन पार्क निर्माण गर्न पहल गरिनेछ ।

४८. पर्यटनलाई गाउँपालिकाको सबै प्रकारका आर्थिक गतिविधि सँग आवद्ध गरि रोजगारी सिर्जना गर्ने एवं स्थानीय उत्पादनको प्रवर्द्धनमा जोड दिईनेछ ।

४९. मूर्त र अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गरि साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

५०. गाउँपालिका अन्तर्गतका धार्मिक, साँस्कृतिक, पर्यटकीय क्षेत्रहरुको रुपमा रहेका दरवार डाँडा, टुँडिखेल दरबार, चनौटे दरबार, धुरी ढुंगा, कपिलेश्वर गढी, ढोका ढुंगा, साँङा छोइलिङ गुम्वा, पशुपत मन्दिर क्षेत्र लगायतका अन्य पर्यटकीय क्षेत्रहरुको संरक्षण विकास र प्रवर्द्धन गर्न संघीय सरकार तथा प्रदेश सरकार बीचमा समन्वय र सहकार्य गरिनेछ ।

५१. वडा नं. ०६ मा अवस्थित बुद्ध पार्कलाई थप व्यवस्थित वनाई पर्यटकीय स्थलको रुपमा विकास गर्न निरन्तरता दिईनेछ ।

५२. मधुवनीमा प्याराग्लाडिङ्ग प्रवर्द्धन, सिन्दुरे दोभान फाँटमा ऐतिहासिक ताल निर्माणको सम्भाव्यता अध्ययनको कार्य अगाडि वढाई योजना कार्यान्वयनमा ल्याईनेछ ।

५३. निजी क्षेत्रको साझेदारीमा पर्यटकीय पूर्वाधारको निर्माण, सञ्चालन र हस्तान्तरण मोडेल अवलम्वन गरि गाउँपालिका भित्र रहेका पर्यटकीय पूर्वाधारहरुको विकास गरिनेछ ।

५४. मरिण गाउँपालिका भित्र रहेका ऐतिहासिक एवं पर्यटकीय सम्भावित क्षेत्रमा पदमार्ग व्यवस्थित गरि उक्त रुटमा स्थानीय कला संस्कृति, भाषा, भेषभुषाको संरक्षणका एवं प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

५५. गाउँपालिका भित्र अवस्थित विभिन्न ऐतिहासिक तथा धार्मिक महत्वका पोखरी र विभिन्न ऐतिहासिक दरवारहरुको संरक्षण गर्ने नीति लिइनेछ ।

५६. मगर, तामाङ, माझी, थामी तथा हायु समुदायको कला, संस्कृति, रहनसहन, रितिरिवाज र भेषभुषालाई पर्यटकीय आकर्षकको आभूषणको रुपमा विस्तार र विकास गरिनेछ ।

५७. तामाङ समुदायको संस्कार र संस्कृतिको संरक्षण एवं जगेर्ना गरि प्रवर्द्धनका लागि “एक वडा एक गुम्बा” निर्माण गर्ने नीति अबलम्बन गरिनेछ ।

५८. नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषिक, बहुसाँस्कृतिक देश भएकोले हरेक नागरिकको धार्मिक स्वतन्त्रता सम्बन्धिको मौलिक हकलाई उच्च सम्मान गर्दै धार्मिक सहिष्णुता

सहितको धर्मनिरपेक्ष राष्ट्रको नागरिक हकको प्रत्याभूति गरिनेछ। तर विभिन्न प्रलोभन एवं जालसाजीमा पारी जबर्जस्ती धर्म परिवर्तन गर्ने गराउने कार्यलाई निरुत्साहित गरिनेछ ।

**<u>उद्योग, वाणिज्य तथा बजार व्यवस्थापन:</u>**

५९. व्यापार, व्यवसायलाई विविधिकरण गर्दै आगामी ५ बर्ष भित्रमा सुपरमार्केट स्थापना गर्ने नीति लिइनेछ ।

६०. मरिण गाउँपालिका वडा नं. ०३ भालुमारामा औद्योगिकग्राम स्थापनाको लागि क्षेत्र पहिचान गरि जग्गा उपलब्ध गराई नाँपजाँचको कार्य समेत अगाडि बढाइएकोमा सोको कार्यान्वयनको लागि आवश्यक पहल कदमी गरिनेछ ।

६१. मरिण गाउँपालिकाको नागरिकहरुमा वित्तीय संस्थाहरुको पहुँचलाई अभिवृद्धि गरी वित्तीय सेवा सुलभ रुपमा उपलब्ध हुने अवस्थाको सिर्जना गराउन हाल मरिणमा कार्यक्षेत्र रहेका वित्तीय संघ-संस्थाहरु पर्याप्त नभएको हुँदा अन्य वित्तीय संघ-संस्थाहरुलाई मरिणमा आकर्षित गर्ने नीति लिईनेछ ।

६२. स्थानीय तहमा उत्पादन हुने कच्चा पदार्थ प्रयोग गरेर वस्तु उत्पादन गर्ने लघु तथा घरेलु उद्योग स्थापना गर्न सहजीकरण र प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

६३. गाउँपालिका क्षेत्र भित्रका साप्ताहिक तथा मासिक हाट बजारहरुलाई व्यवस्थित गरिनेछ।

६४. सुपथ मल्य पसल सञ्चालन गर्न ईच्छुक सहकारीलाई विशेष सहुलियत दिने नीति लिइनेछ।

६५. उपभोक्ताको हित संरक्षण गर्दै बजारका सेवालाई गुणस्तरीय एवं ग्राहकमैत्री बनाउन पसल, रेष्टुरेण्ट, होटल तथा लजको व्यवसायिक उत्तरदायित्व बहन गराउन दैनिक मूल्य सूची ग्राहकले सहजै देख्न सक्ने गरी राख्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

६६. प्रचलित कानून बमोजिम दर्ता नभएका पसलहरुलाई अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गरि करको दायरामा ल्याईनेछ ।

६७. घरभाडा वा बहाल दिंदा अनिवार्य रुपमा सम्झौता गर्नु पर्ने व्यवस्था लागू गरिनेछ ।

## भूमि, सहकारी, गरिबी न्यूनीकरण तथा उद्यमशीलता विकासः

६८. गाउँपालिका भित्र बसोबास गरि नाप नक्साको लागि निसा कार्ड प्राप्त गरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोबासीहरुलाई मापदण्ड बमोजिम जग्गा धनीपूर्जा उपलब्ध गराईनेछ ।

६९. जिल्ला मालपोत कार्यालय सँग समन्वय गरि गाउँपालिका बाटै भूमि प्रशासन सम्बन्धी सेवा प्रवाह गर्ने व्यवस्था लिइनेछ।

७०. पुरानो प्रविधिलाई रुपान्तरण गर्दै नयाँ प्रविधि Total Station मार्फत् जग्गा नापजाँचको कार्यलाई अगाडि वढाईनेछ ।

७१. सङ्घीय तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा व्यवस्थित सहरीकरणको लागि Topographical Map तयार पारि व्यवस्थित सहरीकरणको कार्य अगाडि बढाइनेछ ।

७२. नापी विभागसँग समन्वय गरि जग्गाको नक्सा प्रिन्ट गाउँपालिकाबाट नै उपलब्ध गराउन पहल गरिनेछ ।

## सहकारीः

७३. सहकारी संघ/संस्थाहरुलाई एकीकरणको लागि प्रोत्साहन गर्न सहकारी व्यवसाय कर छुट दिने नीति अवलम्बन गरिनेछ ।

७४. कृषि क्षेत्रसँग सम्बन्धित उत्पादन, प्रशोधन तथा बजारीकरण एवं प्रवर्द्धनको लागि सहकारीमा आवद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।

७५. सामाजिक सुरक्षा भत्ता लगायत विभिन्न भत्ता एवं सुविधाहरु सहकारी मार्फत् वितरण गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।

७६. खेती योग्य बाँझो जग्गा उपयोग हुने गरि सहकारी मार्फत् सामुहिक तथा व्यावसायिक खेती प्रवर्द्धनका लागि पहल गरिनेछ ।

७७. सहकारीलाई आवश्यक प्रवर्द्धन र नियमन गर्न बचत तथा ऋण सहकारीहरूलाई उत्पादन तथा श्रम क्षेत्रमा केन्द्रित हुने नीति अवलम्बन गरिनेछ ।

७८. सहकारीको माध्यमबाट स्थानीय श्रोत, साधन, सीप र पूँजीको अधीकतम् परिचालन गरि गाउँपालिकाको आर्थिक, सामाजिक रुपान्तरण गर्ने नीति लिईनेछ ।

७९. सहकारिताको माध्यमबाट गरीबी न्यूनीकरण एवं सामाजिक पूँजी निर्माण गर्दै सहकारीलाई सक्षम बनाइ स्वरोजगार तथा रोजगारीका अवसर सिर्जना गरिनेछ ।

८०. गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका सहकारी संस्थाहरुको क्षमता विकास सँग सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

८१. सहकारी संस्थाहरुको प्रभावकारिता अभिबृद्धि गर्न नियमित रुपमा अनुगमन नियमन कार्य गरिनेछ ।

८२. श्रम सहकारी गठन गरि प्रत्येक वडामा कम्तीमा ५० जनालाई नियमित रोजगारीको प्रत्याभूति गर्ने नीतिलाई तत्काल लागू गरि रोजगारीको अवसर सिर्जना गरिनेछ ।

८३. रोजगारीका लागि सीपलाई प्रधानता दिई प्रतिस्पर्धी, बजारको माग अनुसार खपत हुन योग्य दक्ष जनशक्ति उत्पादनमा जोड दिईनेछ ।

८४. आर्थिक विकास र गरिबी निवारणका लागि सहकारी क्षेत्रलाई उद्यमशीलता, उत्पादन र रोजगारीसँग आवद्ध गर्ने नीति लिईनेछ ।

८५. समान प्रकृति र उद्देश्यका सहकारीलाई गाभी दक्षतापूर्वक संचालन गर्ने नीति अख्तियार गरिनेछ ।

८६. आर्थिक विकासको तीन खम्बे नीति अनुरुपम संघ, प्रदेश र स्थानीय तहको आपसी समन्वय, सहयोग एवं सहकार्य तथा सहजीकरणमा सहकारीको नियमन र प्रवर्द्धनमा जोड दिने नीति लिईनेछ ।

## उद्यमशीलता विकासः

८७. लघु, साना एवं मझौला उद्योगको स्थापना र विकास गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति लिईनेछ ।

८८. लघु उद्यम विकास कार्यक्रमको माध्यमबाट गरिबी न्यूनीकरण गर्न “एक घर एक लघु उद्यम” को नीति अवलम्बन गरिनेछ ।

८९. गाउँपालिका भित्र उद्यम विकासको माध्यमबाट कृषि क्षेत्रमा रहेको अर्धवेरोजगारीको समस्यालाई हल गरिनेछ । सोको लागि गाँउपालिका भित्रका युवायुवतीको लागि विविध सीपमुलक, रोजगारमुलक तालिम सञ्चालन गरिनेछ ।

९०. कृषिमा उद्यमशीलता आजको आवश्यकता भन्ने नाराका साथ कृषिको आधुनिकीकरण तथा औद्योगिकीकरणका लागि कृषक तथा उद्यमीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

९१. लघु तथा घरेलु उद्योगहरु सञ्चालनमा सहजीकरण गरिनेछ ।

९२. लघु उद्यमीलाई सहभागिता, क्षमता र उद्यमशीलताको आधारमा अनुदान दिने नीति लिईनेछ ।

९३. मरिण गाउँपालिकाको उद्यम विकास नीति अनुसार प्रत्येक वडामा उद्यमीहरुको विकास गरिनेछ ।

९४. गाउँपालिका भित्र उत्पादित वन पैदावरबाट गाउँपालिका भित्र सञ्चालन हुने काष्ठ उद्योग तथा गाउँपालिकामा उपलब्ध कच्चा पदार्थको उपयोग गरी संचालन गर्ने कंक्रिट उद्योगलाई विशेष प्राथमिकता दिने नीतिलाई निरन्तरता दिइनेछ ।

९५. उद्यमीहरुले उत्पादन गरेको उत्पादित वस्तु संकलन तथा बजारीकरणको लागि निर्माणाधीन साझा सुविधा केन्द्र/कोसेली घरको व्यवस्थापन मार्फत् प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

९६. स्थानीय स्रोत साधनमा आधारित व्यवसायलाई प्रबर्द्धन गर्ने नीति अबलम्बन गरिनेछ ।

९७. लघु उद्यमीहरुलाई बैंकसँग समन्वय गराई सहुलियतपूर्ण कृषि कर्जा प्रवाहमा अझ प्रभावकारी रुपमा समन्वय गरि निरन्तरता दिइनेछ ।

९८. वैदेशिक रोजगारीमा पलायनलाई निरुत्साहित गर्न स्थानीय स्तरमा नै स्वरोजगारको मार्ग प्रशस्त गर्न एक वडा एक उत्पादन नीति कार्यान्वयनमा ल्याईने छ ।

## <u>सामाजिक विकास नीति</u>

### <u>शिक्षाः</u>

९९. संविधानले तोकिए बमोजिम शिक्षाको व्यवस्थापन गर्न संघीय तथा प्रादेशिक नीति एवं मापदण्ड, शिक्षाको सोचपत्र, २०७९ लाई आधार लिई विद्यमान मरिण शिक्षा विकास नीति, योजना र शिक्षा ऐन, नियमावली बमोजिम विद्यालयमा गुणस्तरीय शिक्षा सुनिश्चितताको लागि शैक्षिक गुणस्तर सुधार सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१००. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका प्रमुख पहरेदारहरु अभिभाव, विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, शिक्षक अभिभाव संघ, विद्यालय व्यवस्थापन समिति, स्थानीय समाजसेवी वुद्धिजिवी, राजनीतिक दल एवं सहयोगी पहरेदारहरु स्थानीय सरकार, विभिन्न सहयोगी एवं साझेदारी संघ संस्था लगायतका सरोकारवालाहरुको संचार, समन्वय र सहकार्यमा विद्यालय सुधारका विविध आयामहरु उपयुक्त समावेशी भौतिक संरचना, शैक्षक गतिविधिमा अब्बलताका साथ परिणाममुखी नतिजा हाँसिल गर्न सामुदायिक विद्यालयको खस्कदो शैक्षिक गुणस्तरलाई माथि उकास्न यस्ता तितो

यथार्थलाई भ्रममा रुपान्तरण गर्दै हामी सबैको संयुक्त बलमा काम र नतिजाद्धारा जवाफ दिन "स्कुल हाम्रोः बनाऔं राम्रो" भन्ने अभियान संचालन गरिनेछ ।

१०१. ३ वर्ष उमेर पूरा गरेका सबै बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गराउने नीति बमोजिम गाउँपालिका तथा समुदायबाट स्थापना गरिएका बाल विकास केन्द्रहरुलाई गर्रिदै आएको सहयोगलाई निरन्तरता दिइनेछ ।

१०२. शिक्षक विद्यार्थी अनुपातको आधारमा दरबन्दी मिलान एवं विद्यालय नक्साङ्कन कार्य गरिनेछ । यस शैक्षिक सत्र देखि व्यवहारिक रुपमा कार्यान्वयनमा आएको मा.वि. मरिण खयरशालको व्यवस्थापनमा सञ्चालित आवासीय विद्यालय छात्राबास सञ्चालन सम्बन्धी कार्यलाई निरन्तरता दिई उक्त आवासीय छात्राबास सञ्चालन व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

१०३. गाउँपालिका भित्रका विद्यालयहरुको शिक्षण सिकाइ पद्धतिलाई थप गुणस्तर र प्राप्य बनाउन ICT मैत्री पाठ्यक्रममा आधारित बालकेन्द्रित शिक्षण सिकाइ कार्यलाई जोड दिइनेछ । गत विगतको निरन्तरताको रुपमा शैक्षिक सुधारको लागि विद्यालयहरुमा उपलब्ध गराउँदै आइएको शिक्षण सिकाइ सहयोग अनुदान तथा बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीलाई दिइँदै आएको थप प्रोत्साहन अनुदानलाई यथावत राखिएको छ ।

१०४. गत विगत आ.व. देखि माध्यमिक तह सम्मको शिक्षा क्रमशः निःशुल्क गराउने कार्यक्रम अन्तर्गत (कक्षा ९-१२ सम्म) विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयलाई दिइँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ । विद्यालयमा विद्यार्थीको उपस्थिति दर वृद्धि गराउने उद्देश्यले विद्यालयमा पठनपाठन भएको दिनको न्यूनतम ७५% हाजिर हुने विद्यार्थीको लागि मात्र अनुदान उपलब्ध गराउने विगतको नीतिलाई यथावत राखिनेछ ।

१०५. गाउँपालिकाको प्रत्येक वडामा कम्तीमा एउटा मा.वि. सञ्चालन गर्ने नीति अनुरुप वडा नं. ०६ अन्तर्गत सञ्चालित नवज्योति आ.वि. धमिलेलाई आवश्यक पूर्वाधार तयारी र अनुमतिको लागि अभिप्रेरित गरिनेछ । प्राविधिक विषय पठनपाठन गराउन चाहने माध्यमिक विद्यालयहरुलाई सहयोग गरिने नीति लिइनेछ ।

१०६. उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । समाजमा बेरोजगार अवस्थामा रहेका युवाहरुलाई पेशाप्रति उत्प्रेरित गराउन युवा सशक्तिकरणमा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०७. गाउँपालिका भित्र सञ्चालित क्याम्पस तथा कलेजहरुलाई गुणस्तर सुधार तथा प्रविधि मैत्री शिक्षण सिकाइ व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालनको लागि सहयोग उपलब्ध गराउने नीति लिइनेछ । मरिण बहुमुखी क्याम्पसमा पूर्णकालीन क्याम्पस प्रमुख व्यवस्थापनको लागि शिक्षण सिकाइ सहयोग अनुदान उपलब्ध गराइनेछ ।

१०८. उमेर, कक्षा र तह सुहाउँदो क्रियाकलाप मार्फत् विद्यार्थीको सर्वाङ्गिण विकासको लागि शैक्षिक सत्र भरिमा कम्तीमा १ पटक माध्यमिक विद्यालयहरुले आ-आफ्नो विद्यालयमा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुबीच गणित र विज्ञान प्रदर्शनीको संचालनलाई अनिवार्य गरिनेछ ।

१०९. शिक्षामा सवैको पहुँच स्थापना गरिने नीति अनुरुप मरिण गाउँपालिका स्थायी ठेगाना भई बालविकास देखि कक्षा १२ सम्म विभिन्न विद्यालय/क्याम्पसमा अध्ययनरत अनाथ तथा द्वन्दपीडित परिवारका बालबालिकाको अध्ययनमा निरन्तरताको लागि गत विगत वर्षहरु देखि दिइँदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ।

११०. कक्षा छाड्ने दर घटाउने, टिकाउदर वृद्धि गर्ने र उच्च मनोवलका साथ पठनपाठन कार्यमा विद्यार्थीहरु संलग्न होऊन भन्ने उद्देश्य राखी गाउँपालिकाबाट स्थापना भएका विद्यालय तथा समुदायमा आधारित बालविकास केन्द्रहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि प्रति विद्यार्थी प्रतिदिन रु. १५ का दरले दिवा खाजा बापतको रकम अनुदान स्वरुप उपलब्ध गराईनेछ ।

१११. संघ संस्थाहरु समेतको सहयोग लिई विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयमा भित्र्याउन, विद्यालयले बिचैमा विद्यालय छाड्ने दरलाई कम गर्न सचेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११२. आवश्यकता अनुसार सवै विद्यालयमा फर्निचर, खेलमैदान र घेरावेरा निर्माण एवं स्वच्छ खानेपानीको प्रवन्ध मिलाइनेछ। गैह्र सरकारी संघ संस्था समेतको सहयोग लिई विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी कार्यविधि, २०७४ को आधारमा विद्यालयको स्वःमूल्याङ्कन गरी तीन तारा पद्धतिलाई अपनाउन विद्यालयलाई प्रेरित गरिनेछ ।

११३. संघ संस्थाहरुको समेतको सहयोगमा विद्यालयमा जोखिम न्यूनीकरण सम्बन्धी नमूना अभ्यास तथा सबै विद्यालयमा वृहत् विद्यालय सुरक्षा योजना ढाँचालाई कार्यान्वयनमा जोड दिइनेछ ।

११४. विद्यालयमा पक्की भवन र छात्रामैत्री शौचालय निर्माणमा जोड दिइनेछ ।

११५. सङ्घीय सरकारको सहयोग र समन्वयमा छात्राहरुलाई उपलब्ध गराइने स्यानिटरी प्याड समयमा नै वितरणको लागि उचित प्रवन्ध मिलाइनेछ ।

११६. विभिन्न प्रकारको विपद् तथा सङ्क्रामक महामारीको अवस्था उत्पन्न हुँदाको अवस्थामा पनि रेडियो पाठशाला मार्फत् शिक्षणको प्रबन्ध गरि विद्यार्थीको सिकाइ निरन्तरताको सुनिश्चितता गरिनेछ ।

११७. सवै शिक्षककहलाई प्रधानाध्यापक सँग र प्रधानाध्यापकहरुले गाउँपालिका सँग कार्य सम्पादन करार गर्ने विगतको अभ्यासलाई शैक्षिक सत्र २०८० मा पनि निरन्तरता दिइनेछ । शिक्षकलाई प्रशासनिक रुपमा प्रधानाध्यापक प्रति र सिकाइ उपलब्धीका लागि विद्यार्थी तथा अभिभावक प्रति उत्तरदायी हुने एवं वार्षिक कार्यसम्पादनमा उत्कृष्ट हुने शिक्षक र सिकाइ उपलब्धीमा अब्बल विद्यार्थीलाई पुरस्कृत गरिने व्यवस्था मिलाइनेछ।

११८. महिला तथा बालबालिका शाखा तथा संघ संस्थासँग समन्वय गरी अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

११९. संघ संस्थाहरुको समेत सहयोग लिई आधारभूत तहका विद्यालयमा कक्षाकोठा सुधार गरी चित्रात्मक भित्ते लेखन, लैङ्गिक मैत्री बसाइ व्यवस्थापन, STEAM अवधारणामा आधारित शिक्षण सिकाइलाई निरन्तरता दिइनेछ ।

१२०. सामुदायिक सिकाइ केन्द्रलाई व्यवस्थित र उद्देश्यमुखी बनाइनेछ । सो केन्द्रबाट औपचारिक, अनौपचारिक तथा जीवन अनुभवबाट सिकेका सीप र ज्ञान योग्यताको वर्गीकरण र परीक्षण गरी प्रमाणीकरण गर्ने पद्धतिको विकास गरिनेछ ।

१२१. सघन तथा प्रभावकारी अनुगमन सुपरीवेक्षण मार्फत् विद्यालयमा सुशासन तथा जवाफदेहिता अभिवृद्धि र शैक्षिक गुणस्तर सुधार हुने भएकोले सोको लागि गत आ.व. देखि गरिएको शिक्षा सहजकर्ताको व्यवस्थालाई यथावत राखिनेछ ।

१२२. आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा लगायत विद्यालयबाट सञ्चालन गरिने सवै परीक्षा प्रणाली सुदृढ गर्दै लैजाने नीति लिइनेछ ।

१२३. गाउँपालिकामा सूचीकृत विज्ञहरुबाट करार शिक्षक कर्मचारी नियुक्तिको लागि लिइने सकिने परीक्षाको लागि लाग्ने खर्च व्यवस्थापन गाउँपालिकाबाट नै गरिनेछ ।

१२४. मातृभाषाको प्रवर्द्धन एवं भाषिक कला संरक्षणको नीति लागू गरिनेछ । शिक्षण सिकाइमा सहजताको लागि मातृभाषामा शिक्षक तालिम लगायत क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ । बहुभाषी कक्षाकोठामा मातृभाषामा आधारित बहुभाषी

शिक्षण पद्धति लागू गर्न विद्यालयहरुलाई अभिप्रेरित गरिनेछ। गाउँपालिकामा कक्षा-१ मा हाल कार्यान्वयनमा ल्याइएको तामाङ भाषी शिक्षण पद्धतिलाई आगामी शैक्षिक सत्रबाट कक्षा-२ मा लागू गरिनेछ ।

१२५. गाउँपालिका भरिका विद्यालयहरुमा विद्यालय सञ्चालन, शिक्षण सिकाइ तथा परीक्षा प्रणालीमा एकरुपता कायम गर्ने उद्देश्यले शैक्षिक सत्र २०८० मा निर्माण गरी कार्यान्वयनमा ल्यइएको शैक्षिक क्यालेण्डर निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१२६. SEE उत्तीर्ण गरि सोही शैक्षिक सत्रमा कक्षा ११ मा अध्ययन गर्ने छात्राहरुलाई उच्च अध्ययनको लागि प्रोत्साहित गर्ने उद्देश्यले कार्यविधि बमोजिमका छात्राहरुलाई एक-एक थान साइकल उपलब्ध गराउने व्यवस्था यथावत राखिनेछ ।

१२७. उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । समाजमा बेरोजगार अवस्थामा रहेका युवाहरुलाई पेशाप्रति उत्प्रेरित गराउन युवा सशक्तिकरणमा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२८. पालिका भित्र नमूना विद्यालय छनौट गरि निश्चित अवधि भित्र पूर्वाधार पूरा गर्न विद्यालय तथा संघ संस्था सँग सहकार्य गरिनेछ ।

१२९. विद्यार्थीहरुमा नैतिक आचरण र संस्कारको विकासको लागि प्रत्येक विद्यालयमा बालक्लव, छात्रा सञ्जाल र स्काउट समूह आदि गठन गरी सो अनुरुप कार्यक्रम सञ्चालन गर्न विद्यालयलाई अभिप्रेरित गरिनेछ ।

१३०. वडामा रहेका विद्यालयहरुको समग्र व्यवस्थापनमा वडा समितिलाई जिम्मेवार र जवाफदेही बनाउन आवश्यक कानुन तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१३१. गैह्र सरकारी संघ संस्था समेतको सहयोग लिई शिक्षक तथा कर्मचारीहरुको पेशागत क्षमता विकासका लागि मागमा आधारित विभिन्न प्रकारका तालिम सञ्चालन गरिनेछ ।

१३२. गैह्र सरकारी संघ संस्था समेतको सहयोग लिई अध्ययनमा पछाडि परेका विद्यार्थीहरुलाई रिमेडियल सपोर्ट कार्यक्रम सञ्चालन गरिनेछ ।

१३३. विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी र विद्यार्थीहरुको लागि व्यवसायीक आचारसंहिता लागू गरिनेछ ।

१३४. संघ संस्थाहरु समेतको सहयोग लिई विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयमा भित्र्याउन, विद्यालयले बिचैमा विद्यालय छाड्ने दरलाई कम गर्न सचेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३५. स्नातकोत्तर तह वा सो भन्दा बढी योग्यता हाँसील गर्ने मरिणबासी नागरिकलाई प्रोत्साहन स्वरुप सम्मान कार्यक्रम गरिनेछ ।

१३६. गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, शिक्षक तथा सरकारी कोषबाट सेवा सुविधा उपभोग गर्ने गाउँपालिकाको सरहद भित्र बस्ने परिवारले आफ्ना बालबालिकाहरुलाई शैक्षिक सत्र २०८१ देखि अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पढाउनु पर्ने नीति अवलम्बन गरिनेछ । साथै सामुदायिक विद्यालयको शैक्षिक सुधार र गुणस्तरको प्रत्याभूति दिलाई आम नागरिकलाई समेत सामुदायिक विद्यालयको शिक्षाको गुणस्तरप्रति विश्वास, आकर्षण एवं भरोसा दिलाईनेछ ।

१३७. व्यवसायिक आचारसंहिता निर्माण, बालकेन्द्रित र प्रविधिमैत्री पठनपाठन, अधिकार, कर्तव्यको विषयमा बोध गराई शिक्षकका वैयक्तिक गुण, सामाजिक गुण र पेशागत गुणलाई अभिवृद्धि गर्दै पेशागत मर्यादा, बद्लिंदो परिवेशलाई आत्ससाथ गर्दै समय सापेक्ष व्यापक छलफल गरि विद्यालय तहको शैक्षिक सुधार र गुणस्तरको प्रत्याभूतिका लागि शिक्षक तथा कर्मचारी एवं सरोकारवालाहरुको बुझाईमा एकरुपता कायम गरि अगाडि बढ्न तथा समग्र विद्यालयको वहुआयामिक पक्षहरुबीचमा समन्वय र सामञ्जस्यता कायम गर्न मरिण गाउँपालिका अन्तर्गतका विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुको भेला गरि शिक्षक सम्मेलन गरिनेछ ।

१३८. जीवनोपयोगी शिक्षालाई महत्व दिई व्यवहारिक ज्ञान प्रदान गर्नका लागि आवश्यक आधार तयार गर्ने नीति अबलम्बन गरिनेछ । साथै सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई महिनाको एक पटक व्यावहारिक ज्ञान दिने उद्देश्यले स्रोत साधनको उपलब्धताको आधारमा प्रदर्शनी गरि व्यवहारिक ज्ञानप्रति साक्षात्कार गराईनेछ ।

१३९. आधारभूत तहमा गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न दलित, अल्पसङ्ख्यक र आर्थिक रूपले विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

१४०. गाउँपालिकाका सामुदायिक विद्यालयहरूलाई शैक्षिक नतिजाका आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

१४१. विद्यार्थीहरूलाई आफ्ना रुचि अनुसारका विभिन्न क्रियाकलापहरूमा सहभागी हुने अवसर प्रदान गर्ने जस्तै गाना, नाँच, कला, कार्यशाला, कम्प्युटर प्रशिक्षण, खेलकुद, लेखन प्रतियोगिता जस्ता अतिरिक्त क्रियाकलापहरूमा सहभागी गराउन एवं विद्यार्थीहरूलाई

किताबी ज्ञान बाहेकका आफ्ना रुचि अनुसारका व्यक्तित्व विकास गर्ने अवसर प्रदान गर्ने नीति लिईनेछ ।

१४२. पालिका भित्रको सामुदायिक विद्यालयका छात्रछात्रालाई प्राविधिक शिक्षामा अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था मिलाउने नीति लिईनेछ ।

१४३. सामुदायिक विद्यालयका प्र.अ.हरुलाई विद्यालयको काम काज भन्दा बाहेक Working Hour मा अनिवार्य रुपमा विद्यालयमा उपस्थित हुनु पर्ने व्यवस्थालाई कडाईका साथ नियमन गरिनेछ ।

१४४. शिक्षकहरुको तालिम, गोष्ठी, सेमिनार प्रत्येक वर्षको शैक्षिक सत्र शुरु हुनु भन्दा पूर्व एवं शैक्षिक शत्र शुरुवातको २ महिना भित्र सम्पन्न गरि सक्ने व्यवस्था मिलाईनेछ ।

१४५. सामुदायिक विद्यालयको अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन जनप्रतिनिधि, स्थानीय राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, वुद्धिजिवी लगायतका रोहबरमा एउटा संयन्त्र बनाई शिक्षा शाखाको समन्वयमा गर्ने व्यवस्था मिलाईनेछ ।

## युवा तथा खेलकुदः

१४६. मरिण गाउँपालिकाको योजना प्रकृयामा युवा सहभागिताको सुनिश्चितता गर्दै सोको प्रत्याभूतिका लागि आवश्यक पहलकदमी गरिनेछ ।

१४७. मरिण गाउँपालिकाको समग्र विकासात्मक पक्षहरुमा युवाको अर्थपूर्ण सहभागिता हुने नीति अबलम्बन गरिनेछ ।

१४८. युवा क्लब गठन तथा नमूना संसद अभ्यास कार्यक्रम, युवा स्वयंसेवक विकास र परिचालन एवं युवा मैत्री स्थानीय शासनका लागि युवाका मुद्दामा बहस पैरबी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१४९. युवाहरुलाई खेलकुदप्रति आकर्षित गराई विविध अवसर प्रदान गर्न खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । अध्यक्षकप, राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

१५०. युवाको प्रतिभा पहिचानका लागि प्रतियोगितात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५१. विषयगत खेलकुद पूर्वाधार निर्माण र सोको लागि चाहिने सामग्रीको व्यवस्थापनमा जोड दिइनेछ ।

१५२. गाउँपालिका क्षेत्रमा खेल मैदानको समुचित व्यवस्था मिलाइ वडामा रहेका खेल मैदानहरुको स्तर वृद्धि गर्दै लगिनेछ । वडा नं. ०४ को साहानमा निर्माणाधीन

रंगशाला र वडा नं. ०६ मा रहेको कवर्ड हललाई व्यवस्थित र साधन सम्पन्न बनाइनेछ ।

१५३. गाउँपालिका भित्र उपयुक्त स्थानमा व्यायामशालाको स्थापना गर्न पहल गरिनेछ ।

१५४. फुटबल, भलिबल र एथलेटिक्स लगायतका खेलकुदलाई जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने वातावरण निर्माणका लागि आवश्यक व्यवस्था सहित पहल गरिनेछ।

१५५. गाउँपालिका तथा वडा स्तरीय खेलकुद विकास समितिको कार्यालय तथा मरिण स्पोर्टस क्लवको सञ्चालन एवं व्यवस्थापनमा जोड दिइनेछ ।

१५६. खेलकुदको पहिचान, संरक्षण, प्रवर्द्धन र व्यवसायीकरणका लागि खेल प्रशिक्षकको व्यवस्था गरी उचित तालिमको माध्यमबाट व्यवसायिक खेलाडी उत्पादन गर्ने तथा उत्कृष्ट खेलाडीहरुलाई सम्मान गर्ने नीति लिइनेछ ।

१५७. खेल एवं खेलकुद जगतको प्रवर्द्धनलाई चुस्त व्यवस्थापन मार्फत् परिणाम हाँसिल गर्न समय तालिका निर्माण गरि अगाडि बढ्ने नीति लिइनेछ ।

१५८. गाउँपालिकाको खेलकुदको समग्र विकासका लागि आवश्यक स्रोत साधन व्यवस्थापनका लागि पहल गरिनेछ ।

१५९. "एक वडा एक खेल मैदान" निर्माणमा पहल गरिनेछ ।

१६०. खेलकुदलाई पहिचान, गौरव र प्रतिष्ठा बढाउने माध्यमको रूपमा विकास गर्दै खेलकुद प्रतियोगितामा पदक हासिल गर्ने खेलाडीहरूलाई प्रोत्साहन एवं पुरस्कृत गर्ने नीति लिईनेछ ।

**स्वास्थ्य**:

१६१. संघ तथा प्रदेश सरकार सँग समन्वय गरि गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा सेवा क्षेत्रको आधारमा औषधि, आधुनिक उपकरण, प्रविधि र दक्ष जनशक्तिको व्यबस्थापन गरि आम नागरिकलाई गुणस्तरीय, सर्वसुलभ, प्रभावकारी र जवाफदेही ढंगले आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन व्यवस्था मिलाईनेछ ।

१६२. गाउँपालिका अन्तर्गतको प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको आधारभूत अस्पतालको रुपमा अगाडि बढाउने नीति लिई २४ सै घण्टा आधारभूत आकस्मिक सेवा थप सुलभ र प्रभावकारी बनाई कार्यान्वयनमा निरन्तरता दिईनेछ ।

१६३. सङ्घीय सरकार, प्रदेश सरकार तथा विभिन्न संघ संस्थाहरुको समन्वयमा एवं सहकार्यमा एच.आई.भि. एडस सँग सम्बन्धित सचेतनामूलक कार्यक्रम, पहिचान, उपचार र न्यूनीकरणका लागि आवश्यक पहलकदमी गरिनेछ ।

१६४. गाउँपालिका मातहतका बर्थिङ सेन्टरहरुलाई भौतिक श्रोत साधनयुक्त वनाई आवश्यक स्वास्थ्यकर्मीहरुको व्यवस्थापन गरिनेछ ।

१६५. निःशुल्क वितरण हुने औषधिहरुलाई सबै स्वास्थ्य संस्थाहरुबाट १२ महिना नै सुलभ ढंगबाट उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

१६६. ६० देखि ७० बर्षका जेष्ठ नागरिक, अपाङ्ग, असाहाय, द्धन्द्व पीडित व्यक्तिहरु एवं गर्भवती महिलालाई प्रदान गरिएको निःशुल्क वीमा सुविधालाई निरन्तरता दिईनेछ ।

१६७. खोप केन्द्र, गाउँघर क्लिनिकहरु सञ्चालनको विद्यमान भौगोलिक अवस्थितिलाई मध्यनजर गर्दै उपयुक्त र अनुकुल स्थानहरुमा खोप केन्द्र निर्माण एवं गाउँघर क्लिनिक संचालनार्थ आवश्यक स्रोत साधनको व्यवस्था मिलाईनेछ ।

१६८. मातृ तथा शिशु स्वास्थ्य सुधारका कार्यक्रमहरुलाई निरन्तरता दिई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

१६९. लैङ्गिक समानताको लागि छोरी जन्माउने सुत्केरीहरुलाई दिईने प्रोत्साहन रकमलाई निरन्तरता दिईनेछ ।

१७०. स्थानीय स्तरमा कार्यरत स्वास्थ्य स्वयंसेविकाहरुलाई भूमिकाको आधारमा प्रोत्साहन गरिने नीतिलाई निरन्तरता दिईनेछ ।

१७१. स्वास्थ्य संस्थाहरुको संशोधित दरबन्दी अनुसारका आवश्यक स्वास्थ्यकर्मीहरु थप गर्दै लगिनेछ ।

१७२. अवैधानिक रुपमा सञ्चालित स्वास्थ्य क्लिनिकहरु तथा औषधि पसलहरुको नियमन गरिनेछ ।

१७३. सामुदायिक स्वास्थ्य इकाई तथा वडा स्तरका स्वास्थ्य चौकीहरुको भौतिक संरचनाहरुको व्यवस्थापन गर्दै लगिनेछ ।

१७४. बर्थिङ सेन्टरहरुमा सेवाग्राहीका भिजिटर र नर्सिङ कर्मचारीहरुको लागि आवासीय सेवा उपलब्ध गराउने नीति लिईनेछ ।

१७५. स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको रिक्त दरबन्दी पदपूर्ति गरि निरन्तर रुपमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१७६. जिल्लाकै दोस्रो सेवाग्राहीको चाप रहेको प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटमा अत्याधुनिक डिजिटल एक्सरे मेसिन र शव राख्ने फ्रिजको व्यवस्थापन गरिनेछ ।

१७७. सर्ने तथा नसर्ने रोगहरुको बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७८. प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटलाई १५ शैयाको अस्पतालको रुपमा स्तरोन्नति गर्ने प्रयोजनार्थ पूर्वाधार निर्माण गर्न ठेक्का सम्झौता भइ कार्य अगाडि बढाईएकोमा आवश्यक बजेट व्यवस्थापनका लागि सम्बन्धित मन्त्रालयमा पहल एवं यथाशीघ्र निर्माण कार्य सम्पन्न गरि प्रसूति सम्बन्धी शल्यक्रियाको व्यवस्थापकीय शुरुवात गरिनेछ ।

१७९. जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सहज स्वास्थ्य उपचार सेवालाई प्राथमिकतामा राखिनेछ ।

१८०. हाल सञ्चानलमा रहेका एम्बुलेन्स सेवालाई अझ प्रभावकारी बनाउँदै आधारभूत स्वास्थ्य सेवा सहितको थप "ख" बर्गको एम्बुलेन्स सेवा तत्काल संचालनमा ल्याईनेछ ।

१८१. कोभिड १९ लगायत विभिन्न प्रकारका माहामारी रोगहरुलाई नियन्त्रण तथा रोकथाम गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

१८२. मरिण गाउँपालिका क्षेत्रभित्रका गर्भवती महिलाहरुको लागि सुत्केरी हुँदाका बखत नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यक्रमलाई अझ बढोत्तरी गर्दै निरन्तरता दिईनेछ।

१८३. पोस्टमार्टम सेवा नि:शुल्क गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१८४. सामाजिक संरचना, परिवेश एवं आन्तरिक तथा बाह्य प्रभावले गर्दा मानव समुदायमा देखा परेको हतास मनस्थिति लगायतका विभिन्न कारण मानसिक रोगको उपजले गर्दा आत्महत्या, धुम्रपान, मद्यपान, लागूपदार्थ दुर्व्यसनले पछिल्लो समयमा व्यक्ति, परिवार र सामाजमा समेत नकरात्मक असर परेको हुँदा सोको न्यूनीकरणका लागि विभिन्न संघ संस्था सँगको साझेदारीमा मनोसामाजिक परामर्शकर्ताको व्यवस्थापन गर्ने र आवश्यकतानुसार गाउँपालिकाका स्वास्थ्यकर्मीहरुलाई समेत सो सँग सम्बन्धित क्षमता विकास तालिम प्रदान गर्न व्यवस्था मिलाईनेछ ।

१८५. क्षयरोग तथा कुष्ठरोग जस्ता रोगहरुको समयमै पहिचान, उपचार, रोकथाम एवं नियन्त्रणका कार्यक्रमहरु संचालन गरिनेछ ।

१८६. हावापानी, वातावरण, सिजन अनुसार फैलिने डेङ्गु, औलो, कालाजार जस्ता बिभिन्न किटजन्य रोगहरु नियन्त्रण तथा रोकथामका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।

१८७. नेपाल सरकारको नीति अनुसार जनसंख्या नियन्त्रण तथा सन्तुलनका लागि लामो अवधि तथा छोटो अवधिका स्वेछिक परिवार नियोजन सेवाका कार्यक्रमहरु निरन्तर संचालन गरिनेछ ।

१८८. सबै स्वास्थ्य संस्थाहरुलाई बाल मैत्री, अपांगता मैत्री, किशोर किशोरी मैत्री बनाई सर्वसुलभ ढंगले सेवा लिने वातावरण बनाउँदै लगिनेछ ।

१८९. समुदायमा रहेका प्रजनन् रुग्णता सम्बन्धी समस्यालाई समयमै पहिचान र उपचारको लागि समुदायहरुमा पाठेघरको स्क्रिनिङ, स्तन क्यान्सरको स्क्रिनिङ जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

१९०. स्वास्थ्य संस्थाहरुलाई सूचना प्रविधि मैत्री बनाई तथ्यांकहरुलाई समयमै केन्द्रीय सूचनामा प्रविष्टि हुने प्रबन्ध मिलाईनेछ ।

१९१. मरिणमा रहेको प्रा.स्वा. केन्द्रमा विभिन्न विशेषज्ञ सेवा (वालवालिका, हाडजोर्नी, स्त्रीरोग, मुटुरोग, आँखा, दाँत लगायत) संचालनका लागि विशेष पहलकदमी गरिनेछ ।

१९२. स्त्रीरोग, मुटुरोग, मृगौला रोग, आँखा लगायतका सबै प्रकारको विशेषज्ञ सेवा प्रदानका लागि विभिन्न संघ संस्थाहरुको समन्वय र सहकार्यमा स्वास्थ्य शिविर संचालनमा पहलकदमी गरिनेछ ।

१९३. शवको उचित तवरले व्यवस्थापन गर्न एक स्थानबाट अर्को स्थान सम्म लैजाने प्रयोजनका लागि शव बाहनको व्यवस्था गर्ने नीति लिईनेछ ।

१९४. प्रत्येक वडामा नागरिक आरोग्य केन्द्र स्थापनाको सुरुवात गरिनेछ ।

१९५. जडिबुटी खेतिको लागि आम किसान वर्गलाई उत्प्रेरित गरिनेछ ।

१९६. आयुर्वेद औषधालयलाई आधुनिकीरण एवं थप सुदृढिकरण गरि आयुर्वेद सेवा प्रवाह प्रभावकारी वनाईनेछ ।

१९७. आवश्यकता, औचित्य एवं महत्व वोधको आधारमा आर्युवेद तथा आयुर्वेद सेवालाई प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

१९८. वडा नं. ०६ छाप बजार स्थित निर्माणाधीन आयुर्वेद औषधालयलाई नागरिक आरोग्य सेवा केन्द्रमा स्तरोन्नति गरिनेछ ।

१९९. समुदायमा जीवनशैली परिवर्तन कार्यक्रम संचालन गरि आयुर्वेद औषधि सेवनको लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२००. स्थानीय जडिबुटीको संरक्षण, सम्वर्द्धन र प्रयोग सम्बन्धी जनचेतना वढाउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## बहुक्षेत्रीय पोषण कार्यक्रमः

२०१. पोषणमैत्री स्थानीय शासनको प्रवर्द्धन एवं सोको कार्यान्वयन गर्न पोषण मैत्री बिशेष कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

२०२. सुनौलो हजार दिनका घरपरिवारलाई स्वच्छ र सफा खानेपानीको सुनिश्चित गर्न बिशेष पहल गरिने छ ।

२०३. सङ्घीय सरकार र प्रदेश सरकारका बहुक्षेत्रीय पोषण कार्यक्रमलाई अपनत्व ग्रहण गर्दै आवश्कता अनुसार गाउँपालिकाबाट समेत स्रोत र साधनको व्यवस्थापन गरि प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२०४. सुनौलो हजार दिनको घरपरिवारमा एक घर एक करेसाबारी एक घर एक कौसी खेती निर्माण गर्ने नीति अबलम्बन गरि बहुक्षेत्रीय पोषणका आयामहरुमा थप सुदृढीकरण गर्दै पोषण विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२०५. सुनौलो हजार दिनको घरपरिवारमा खाद्य बालीको पहुँच अभिवृद्धि गरि खाद्यान्नमा आत्मनिर्भर बनाईनेछ ।

२०६. सुनौलो हजार दिनको घरपरिवारमा गोठेमलको संरक्षण गर्ने कम्पोष्ट र भर्मी कम्पोष्ट मल बनाउने सीप तथा प्रबिधि सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

२०७. कुपोषित बालबालिकाहरुको उपचार, विशेष कारणवश आमाको दुध खान नपाएका नवजात शिशुलाई पोसिलो दुध पिठो, नियमित गर्भ जाँच गराउने गर्भवती महिलालाई शुद्ध खानेपानीको व्यवस्था, किशोरी/गर्भवतीहरुलाई आइरन फोलिक एसिड चक्की वितरण, पोषण शिक्षा मार्फत जीविकोपार्जनको लागि सीप विकास लगायतको कार्य गर्न पोषण संवेदनशील कार्यक्रमको संचालन एवं सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२०८. पोषण सुधारको लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधारका लागि अनुदान प्रदान गरिनेछ ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरणः

२०९. लैङ्गिक समानता र महिला सशक्तिकरणको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । नीति निर्माण तहमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्दै नेतृत्व विकासमा जोड दिइनेछ । शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी निवारण, जीविकोपार्जन सुधार, सामाजिक सुरक्षा, पूर्वाधारमा पहुँच लगायतका विषयमा महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

२१०. गरिब तथा विपन्न, दलित, आदिवासी जनजाति, एकल तथा अपाङ्गता भएका महिला, हिंसापीडित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एचआइभी सङ्क्रमित र वञ्चितिमा परेका सबै समुदायका महिला तथा किशोरीको आय आर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने गरि आर्थिक सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

२११. गाउँपालिकाको महिला, बालबालिका, आदिबासी जनजाति, विपन्न बर्ग, जेष्ठ नागरिक, दलित र अपांगता भएका ब्यक्तिहरुको क्षमता विकास तथा आर्थिक-सामाजिक सशक्तिकरणका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२१२. लक्षित बर्गको कार्यक्रम सञ्चालन गर्दा क्षमता विकास, सीप विकास, नेतृत्व विकास, प्रविधि हस्तान्तरण, सचेतना तथा संस्कृति संरक्षण र प्रवर्द्धन जस्ता कार्यक्रम समाबेशी ढंगले सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२१३. गाउँपालिकाको निर्णय प्रक्रियामा लक्षित बर्गको अर्थपूर्ण सहभागिता सुनिश्चितता गरिनेछ ।

२१४. असहाय महिला, वेवारिसे वालवालिका, तथा अपांगता भएका ब्यक्तिहरुको संरक्षणको लागि सेफ हाउस संचालन गर्ने नीति अख्तियार गर्दै जिल्लामा सञ्चालित सेफ हाउसको व्यवस्थापनका लागि आवश्यक सहयोग गरिनेछ ।

२१५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई व्यवहारत: कार्यन्वयन गर्न आदिबासी जनजाति, महिला, वालवालिका तथा अपाङ्गता एवं दलित विकास परिषद् गठन गरि कार्यान्वयनमा ल्याईनेछ ।

२१६. आदिवासी जनजातिको मौलिक संस्कृति सङ्ग्रहालय निर्माण गर्न सम्भाव्यता अध्ययन गरि कार्यान्वयनमा ल्याईनेछ ।

२१७. जेष्ठ नागरिक, अपाङ्गता, एकल महिला, एकल पुरुष लगायतका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता वडा एवं वडा अन्तर्गतका टोल-टोलमा गई बैंकिङ्ग प्रणाली मार्फत् वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२१८. परिवर्तनको खातिर विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्ने महान् सहिद परिवारलाई यस मरिण सरकारको कार्यकालमा सम्मान स्वरुप एक लाख नगद दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२१९. सहिद तथा वेपत्ता परिवारजनलाई जीवन निर्वाह भत्ता उपलब्ध गराउन सङ्घीय र प्रदेश सरकार सँग समन्वय गरि आवश्यक पहल गरिनेछ ।

२२०. मरिणका नागरिकलाई सामाजिक न्याय, सामाजिक सुरक्षा तथा सामाजिक संरक्षणको आभास दिलाउन गाउँपालिका अन्तर्गतका एकल पुरुषलाई मसिक रु २ हजारका दरले निर्बाह भत्ता उपलब्ध गराउने कार्यको शुरुवात गरिएकोमा उक्त कार्यक्रमलाई अझ सुदृढ एवं बढोत्तरी गर्दै निरन्तरता दिईनेछ ।

२२१. हिंसामा परेका, विशेष संरक्षणको आवश्यक रहेका तथा अनाथ बालवालिकाहरुलाई संरक्षणका लागि सङ्घीय तथा प्रदेश सरकारको सहयोग एवं समन्वयमा बालवालिका पुनर्स्थापना केन्द्र संचालन गर्न पहल गरिनेछ ।

२२२. जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको संरक्षण तथा कल्याणकारी कार्यक्रम संचालन एवं अपाङ्गता भएका व्यक्तिको आत्मनिर्भरताको लागि शिक्षा, प्रविधि र सीपमा पहुँच अभिवृद्धिका साथै जेष्ठ नागरिकलाई सम्मान गर्ने संचालन गरिनेछ ।

२२३. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं लैङ्गिक अल्पसंख्यकका हित संरक्षण र समस्या समाधान गर्न सङ्घीय सरकार र प्रदेश सरकार बीचमा समन्वय गरिनेछ ।

२२४. घाइते, अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई जीविकोपार्जनका लागि उत्पादनसँग जोड्न सहुलियतपूर्ण कर्जाको सुविधा उपलब्ध गराई व्यवसायिक बनाइनेछ ।

२२५. बालबालिका, अपाङ्गता, जेष्ठनागरिक एवं अशक्तमैत्री भौतिक संरचना निर्माण गर्ने नीति लिई कार्यान्वयन गरिनेछ ।

२२६. लैगिंक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धिको लेखाजोखाका लागि GESI Audit गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

२२७. लैगिंक हिंसा निवारण कोषको स्थापना गरि तत्काल संचालन गरिनेछ ।

२२८. गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत कर्मचारी र सेवाग्राहीलाई समेत सहजताको लागि सुरक्षित स्तनपान कक्षको स्थापना गरिएकोमा सोलाई निरन्तरता दिई स्तनापान कक्षलाई विस्तार एवं व्यवस्थित बनाईनेछ ।

२२९. चीनको वेइजिङ्गमा सन् १९९५ मा भएको चौथौ विश्व महिला सम्मेलनले वेइजिङ्ग घोषणा तथा कार्यमञ्च पारित गरेको र महिला तथा बालबालिकाको मानव अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न, सवै प्रकारका भेदभाव उन्मूलन गर्न, लैंङ्गिक समानता एवं महिला सशक्तिकरणको लागि १२(बाह्र) वटा सरोकारका क्षेत्रहरु पहिचान गरि आवश्यक सम्पूर्ण व्यवस्थाहरु अवलम्वन गर्न जोड दिईएको सन्दर्भमा देहायका प्रतिवद्धताहरुलाई अवलम्बन गरि कार्यक्रम कार्यान्वयन गर्ने नीति लिईनेछ ।

- महिला र शिक्षा
- महिला विरुद्धको हिंसा
- महिला र सञ्चार
- महिला र गरिबी
- महिला र अर्थतन्त्र
- महिलाको मानव अधिकार
- महिला र स्वास्थ्य
- महिलाको लागि संस्थागत विकास
- महिला र वातावरण
- महिला र नीति, निर्माण र निर्णय
- महिला र सशस्त्र विद्रोह
- बालिका संरक्षण

२३०. लैंगिक हिंसाबाट पीडित महिला तथा बालबालिकाहरुको शारीरिक, यौनजन्य, मानसिक तथा मनोबैज्ञानिक, आर्थिक तथा सामाजिक असरलाई प्रभावकारी एवं कुलतापूर्वक संवोधन गर्नका लागि जिल्ला अस्पतालमा स्थापना गरिएको एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC) सञ्चालनका लागि आवश्यक सहयोग उपलब्ध गराईनेछ ।

गाउँपालिका

## महिला

२३१. महिला तथा किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गर्न पहल गरिनेछ । मरिणलाई बालविवाह, बहुविवाह लगायतका नकरात्मक अभ्यासबाट मुक्त गराउने प्रयास गरिनेछ । बलात्कार, हिंसा पीडित तथा प्रभावित महिलाको सुरक्षाको लागि राहत, उद्धार, पुनर्स्थापना, निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श, सीप विकास तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२३२. गाउँपालिका क्षेत्र भित्र हुने महिला तथा पुरुष हिंसा लगायतका घरेलु हिंसा अन्त्यका लागि एक अर्कामा परनिर्भर रहनुपर्ने बाध्यात्मक अबस्थाबाट क्रमशः मुक्ति दिलाउन उद्यमशीलता एवं अर्थोपार्जन सम्बन्धी विभिन्न कार्यक्रमहरु संञ्चालन गरिनेछ ।

२३३. गाउँपालिका भित्रको सबै महिलाले सम्मानपूर्वक जीउन पाउने वातावरण सुनिश्चित गरिनेछ ।

२३४. हिंसा पीडित तथा हिंसा प्रभावित महिलाहरुको लागि कानुनी उपचारको लागि आर्थिक ब्यबस्थापन सहित सहयोगी संयन्त्रको विकास गरिनेछ । तर गलत निर्णय राखि अनाबश्यक रुपमा पुरुष माथि लाञ्छाना लगाउने र मान प्रतिष्ठामा आँच आउने खालका क्रियाकलापलाई निरुत्साहित गरिनेछ ।

२३५. गाउँपालिका तथा वडास्तरीय किशोरी संञ्जालको लागि सचेतनामूलक तथा क्षमता अभिबृद्धि कार्यक्रमहरु संञ्चालन गरिनेछ ।

२३६. नारी दिवस, बाल दिवस, अपाङ्गता दिवस, लैगिंक हिंसा विरुद्ध १६ दिने अभियान कार्यक्रम, मानव अधिकार दिवस लगायतका दिवसहरु मनाई अर्थपूर्ण सहभागितामा जोड दिई सोलाई निरन्तरता दिईनेछ ।

२३७. हिंसामा परेका, बलात्कृत भएका महिला, किशोरी तथा बालबालिकाहरुको लागि सुरक्षा प्रदान गर्न एवं संरक्षण गर्ने नीति लिईनेछ ।

२३८. स्नातक तह उत्तीर्ण गरी बिवाह गर्ने किशोरी एवं स्नातक तह उत्तीर्ण अविवाहित महिलारुलाई प्रदान गरिने प्रोत्साहन रकम निरन्तरता दिईनेछ ।

२३९. महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, दुर्व्यवहार अन्त्य गर्दै लैङ्गिक उत्तरदायी शासन प्रणालीलाई संस्थागत गर्न अख्तियार गरिएको लैङ्गिक समानता तथा समाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

## बालबालिका

२४०. बालमैत्री स्थानीय शासनको कार्यान्वयन गर्न विशेष कार्यक्रम संञ्चालन गरिने नीति लिइनेछ ।

२४१. बालविवाह तथा बालश्रम न्यूनीकरण गर्न सरकारी एवं गैरसरकारी संघ संस्थाहरु सँग सहकार्य र समन्वय गरिनेछ ।

२४२. गाउँपालिका क्षेत्रभित्र सञ्चालित होटल तथा अन्य व्यवसायलाई बालश्रममुक्त बनाईनेछ ।

२४३. गाउँपालिका तथा वडा स्तरीय बालक्लबहरुको क्षमता अभिबृद्धि कार्यक्रमहरु संञ्चालन गरिनेछ। यस्ता क्लबहरुको दिगोपनाको लागि आवश्यक सहयोग गरिने नीति लिईनेछ ।

२४४. घर परिवार, समाज र विद्यालयमा बालबालिकाले भोग्नु परेका दुर्व्यवहार, तथा हिंसाको अन्त्य गर्दै बालअधिकारको पूर्ण उपभोग गर्न पाउने सुनिश्चिता गरिनेछ ।

२४५. सबैखाले बालश्रम शोषणको अन्त्य गरिनेछ । बालमैत्री पूर्वाधार निर्माण गर्दै लगिनेछ। अनाथ, असहाय, टुहुरा, अपाङ्गता भएका व्यक्ति, अशक्त, बेवारिसे, हिंसापीडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण र पुनर्स्थापनाको लागि सङ्घीय तथा प्रदेश सरकार सँग समन्वय गरिनेछ । बाल अधिकार कार्यान्वयन तथा बालश्रम मुक्त गाउँपालिका घोषणा गर्ने नीति लिईनेछ ।

२४६. बालबिबाहलाई निरुत्साहित गर्न शून्य सहनशीलता अपनाई मंसिर महिनाबाट अझ कडाईका साथ नियमन र नियन्त्रण गर्ने नीति लिईनेछ ।

## जेष्ठ नागरिक

२४७. ज्येष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई मरिणको समृद्धिका लागि उपयोग गरिनेछ । ज्येष्ठ नागरिकलाई स्वास्थ्य तथा अन्य सेवा सुविधामा छुट र सहुलियत प्रदान गर्न पहल गरिनेछ । ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२४८. जेष्ठ नागरिक परिचयपत्र सहजरुपमा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

२४९. जेष्ठ नागरिकको शारीरिक जाँच लगायतका स्वास्थ्य उपचार निःशुल्क गरिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२५०. जेष्ठ नागरिकहरुको प्रतिकूल स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै टोल-टोल एवं सम्भव भए सम्म घर-घरमा नै गई स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

२५१. गाउँ कार्यपालिकाको कार्यालयमा सेवा लिन आउने जेष्ठ नागरिक सेवाग्राहीहरुलाई सहायता कक्षबाट सहजताका साथ सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२५२. जेष्ठ नागरिकहरुको अनुभवलाई सम्पत्ति मानी उक्त अनुभवलाई मरिणको समृद्धिको लागि उपयोग गर्दै सम्मान स्वरुप विश्रामस्थल, भजन गृह एवं उद्यानको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।

## दलित

२५३. गाउँपालिका क्षेत्रभित्र छुवाछुत तथा सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२५४. दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपले सबल बनाउन सचेतना तथा सीपको विकास जस्ता कार्यक्रमहरु सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ ।

२५५. दलित समुदायको परम्परागत पेशा, कला, तथा सीप संरक्षण सम्बर्द्धन गर्दै आधुनिकीकरण र व्यवसायीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

## आदिबासी जनजाति

२५६. आदिवासी जनजातिहरुको सामाजिक तथा आर्थिक मूल प्रवाहीकरणका लागि तालिम, कोचिङ, सीप विकास, नेतृत्व विकास जस्ता कार्यक्रमहरुमा सबैको सहभागिता सुनिश्चितता गरिने नीति अबलम्बन गरिनेछ ।

२५७. आदिवासी जनजातिहरुको साँस्कृतिक विकासको साथै भाषा, सँस्कृति, परम्परा र पुख्यौंली सीपको संरक्षण तथा प्रबर्द्धन गरिने नीति अबलम्बन गरिनेछ ।

२५८. आदिबासी जनजातिहरुको भाषा तथा लिपि विकास तथा संरक्षणको प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिने नीतिलाई निरन्तरता दिईनेछ ।

## अपाङ्गता

२५९. अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरण सँगै सहज र सम्मानपूर्ण जीवन सुनिश्चित गर्न पहल गरिनेछ । उनीहरूलाई स्वरोजगार तथा रोजगारमुखी कार्यक्रम मार्फत् आत्मनिर्भर बनाइन पहल गरिनेछ । यस गाउँपालिका वडा नं. ०७ स्थित बाह्रविसेमा अपाङ्गता ग्राम निर्माणका लागि १ विघा १५ कठ्ठा क्षेत्रफल बराबरको जग्गा उपलब्ध गराईएकोमा उक्त स्थानमा तत्काल अपाङ्गता ग्राम निर्माणका लागि पहल गरिनेछ ।

२६०. बर्गीकरणको आधारमा “ग” तथा “घ” बर्गको परिचयपत्र प्राप्त अपांगता भएका ब्यक्तिहरुको लागि सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी कार्यक्रम संचालन गरि त्यस्ता वर्गलाई स्वावलम्बी बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

२६१. अपाङ्गता भएका ब्यक्तिहरुको लगत राखि गाउँपालिका स्तरीय अपाङ्गताको क्षेत्रमा कार्य गर्ने संघ संस्थाको क्षमता विकास गरिनेछ ।

२६२. अपाङ्गता परिचयपत्र सहजरुपमा कार्यविधि अनुरुप उपलब्ध गराउने नीतिलाई निरन्तरता दिईनेछ ।

२६३. गाउँपालिका अन्तर्गतका हरेक भौतिक संरचना निर्माण गर्दा अपाङ्गतामैत्री संरचनाहरुको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

## युवा तथा रोजगार

२६४. देशमा विद्यमान बेरोजगारी दर कम गर्न बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि आवेदन आह्वान गरि रोजगार सेवा केन्द्रमा सूचीकृत गरिनेछ।

२६५. स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगारलाई युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि न्यूनतम रोजगारीको प्रत्याभूति गराईनेछ ।

२६६. स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगारहरुलाई युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरि न्यूनतम रोजगारीको प्रत्याभूति गराईनेछ ।

२६७. संघ तथा प्रदेश सरकारले ल्याएका रोजगारमूलक कार्यक्रममा अपनत्व ग्रहण गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

२६८. बैदेशिक रोजगारीबाट फिर्ता आएका श्रमिकहरुको सीप पहिचान गरी स्वरोजगारमूलक कार्यक्रममा संलग्न गराउन पहल गरिनेछ ।

२६९. श्रम सम्बन्धलाई प्राथमिकता दिंदै सार्वजनिक पूर्वाधार निर्माण र कृषि क्षेत्रबाट रोजगारी सृजनामा जोड दिइनेछ ।

२७०. रोजगार सेवा केन्द्रलाई थप सुदृढीकरण गर्दै लगिनेछ ।

२७१. पालिका स्तरबाट संचालन गरिने नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरु लिईंदा रोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।

२७२. रुपान्तरणको संवाहक र नेतृत्वको साझेदारको रुपमा रहेका युवालाई विभिन्न प्रकारका सीपमुलक र जीवनोपयोगी तालिम प्रदान गरि सामूहिक व्यवसाय गर्न अभिप्रेरित गर्ने नीति लिईनेछ ।

२७३. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई जनमुखी कार्यक्रमको रुपमा विकास गरि सो कार्यक्रमहरुमा समेत युवाहरुलाई सहभागी गराउने नीति अवलम्बन गरिनेछ ।

२७४. युवाहरुलाई हिंसा, दुर्व्यसन, कुलत एवं अराजक प्रवृत्तिबाट अलग गर्ने नीति लिईनेछ ।

२७५. युवाहरुलाई प्राविधिक शिक्षा तथा सीपमुलक तालिम मार्फत् दक्ष, उद्यमशील र आत्मनिर्भर बनाउने नीति लिईनेछ ।

२७६. युवाहरुलाई विपद् व्यवस्थापन, सामाजिक विकास, वातावरण संरक्षण, खेलकुद लगायतका क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गरिनेछ ।

२७७. गाउँपालिका क्षेत्रमा रहेको संगठित उद्योगमा कार्यरत कामदारहरुका लागि नेपाल सरकारले तोकेको न्यूनतम ज्याला लागू गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।

## लोपोन्मुख, सीमान्तिकृत जाति/जनजाति

२७८. लोपोन्मुख, सीमान्तकृत जाति/जनजातिको क्षमता विकास र स्रोत साधनहरुमा पहुँच अभिवृद्धि गरि जीवनस्तर माथि उकास्ने नीति अवलम्बन गरिनेछ ।

२७९. लोपोन्मुख, सीमान्तकृत जाति/जनजातिका युवाहरुको क्षमता विकासका लागि व्यवसायिक तथा सीपमुलक तालिम प्रदान गरिनेछ ।

## गैरसरकारी संघ-संस्था

२८०. गैरसरकारी संस्था दर्ता र नियमन सम्बन्धी नीतिगत व्यवस्था गरिनेछ । गैरसरकारी सङ्घ संस्थालाई गाउँपालिकाको प्राथमिकताको क्षेत्रमा परिचालन र व्यवस्थापन गर्दै पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व वृद्धि गरिनेछ ।

२८१. गैरसरकारी संघ संस्थालाई विकास साझेदारी संस्था र सरकारको सहयोगीको रुपमा विकास गर्ने दृष्टकोणवाट प्राप्त कार्यक्रमहरुलाई गाउँपालिकाको बार्षिक योजनामा समावेश गरि कार्यक्रम संचालन प्रक्रियालाई कार्यान्वयन गरिनेछ ।

२८२. गैरसरकारी संघ-संस्थाको काम कार्वाहीलाई गाउँपालिकाको अनुगमन प्रणालीवाट समेत अनुगमन गरि कार्यक्रमलाई प्रभावकारी वनाईनेछ ।

२८३. गैरसरकारी संघ संस्थाहरुले कार्यक्रम निर्माण गर्दा गाउँपालिकाले अवलम्वन गरेको नीति तथा कार्यक्रमहरुलाई सहयोग पुग्ने खालका कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्ने नीति लिईनेछ ।

## खानेपानी तथा सरसफाईः

२८४. खानेपानी मुहानको दर्ता, संरक्षण एवं मुहानको पानी परीक्षण गर्ने व्यवस्था मिलाई स्वस्च्छ र सफा खानेपानी उपलब्ध गराउन निर्माण गरिएको WASH PLAN को प्रभावकारी कार्यान्वयन गरि आम नागरिकको स्वास्थ्यको हक एवं स्वच्छ वातावरणमा बाच्न पाउने नैसर्गिक हकको प्रत्याभूति गरिनेछ ।

२८५. "मरिणको पानी बरुणको सिंचाई एवं खानेपानी" भन्ने मूल नाराका साथै वृहत् बरुण खानेपानी आयोजना निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

२८६. स्वाच्छ र सफा खानेपानीको सहज रुपमा वितरणको लागि गैरसरकारी संघ संस्थाहरुसँगको सहकार्यमा खानेपानी साझेदारी कार्यक्रम संचालनमा जोड दिईने नीति अवलम्बन गरिनेछ ।

२८७. "एक घर एक धारा मरिण गाउँपालिकाको अभिभारा" भन्ने भूल नारका साथाका वडा नं. ०१ स्थित वृहत् खानेपानी कोखाजोर लिफ्ट योजनालाई सङ्घीय तथा प्रदेश सरकारको समन्वय एवं सहकार्यमा अगाडि बढाइनेछ । साथै गाउँपालिकाको क्षेत्र भित्र संचालित वृहत् खानेपानी आयोजनाहरुको निर्माण सङ्घीय सरकार, प्रदेश सरकार र अन्य सरोकारवाला संघ संस्थाहरुसँगको समन्वयमा अगाडि बढाईनेछ ।

२८८. गाउँपालिका अन्तर्गतका पुराना खानेपानी आयोजनाहरुको मर्मत संम्भार गरि व्यवस्थित ढंगबाट संचालन गरिनेछ ।

२८९. खानेपानीको गुणस्तर मापन तथा सो अनुसारको गुणस्तर कायम गर्न पालिका स्तरमा खानेपानी गुणस्तर जाँच गर्ने प्रयोगशाला संचालन गरि व्यवस्थित र प्रभावकारी बनाईनेछ।

२९०. सङ्घीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको समन्वयमा सरसफाइ स्वच्छता कार्यक्रमलाई प्रभावकारी कार्यान्वयका लागि अभियानको रूपमा सञ्चालन गरिनेछ । पानी परीक्षणका लागि आवश्यक थप किटको व्यवस्थापन गरि स्थापना भएको WASH DESK को प्रभावकारी संचालन गरिनेछ ।

२९१. WASH PLAN ले औंल्याएका शौचालय नभएका घरमा अनिवार्य शौचालय निर्माणका लागि आवश्यक प्रवर्द्धनात्मक कार्यका साथै सोको नियमन गर्ने व्यवस्था मिलाईनेछ ।

२९२. खानेपानी सरसफाई तथा स्वच्छता योजना कार्यान्वयनका लागि NWASH Portal लाई अद्यावधिक गर्न आवश्यक जनशक्तिको व्यवस्थापन एवं परिचालन तथा वास फण्डको समेत ब्यवस्था गरिनेछ ।

## भौतिक पूर्वाधार विकास

२९३. पूर्वाधार विकासलाई प्राथमिकतामा राखि “सम्वृद्धिको आधार, प्राथमिकतामा दिगो पूर्वाधार” भन्ने नारा कार्यान्वयन गरिनेछ ।

२९४. मरिण गाउँपालिकाको समुन्नतीको महत्वपूर्ण आधार भौतिक पूर्वाधारको विकास रहेकोले यस गाउँपालिकाको समग्र भौतिक पूर्वाधार क्षेत्रको एकीकृत र सुव्यवस्थित विकासका लागि वृहत् गुरुयोजना निर्माण गरी प्राथमिकताका आधारमा वार्षिक योजनासँग तादाम्यता कायम गरि भौतिक पूर्वाधार विकासका आयोजना छनौट गर्ने नीति लिइनेछ ।

२९५. पूर्वाधार निर्माणमा सार्वजनिक निजी साझेदारी मोडेललाई प्राथमिकता दिइनेछ ।

२९६. पूर्वाधार निर्माणको क्षेत्रमा सामुदायिक, सहकारी क्षेत्र र उपभोक्ता समितिहरुको प्रभावकारी परिचालन गरिनेछ ।

२९७. निर्मित पूर्वाधारहरुको नियमित मर्मत सम्भार, सञ्चालन, संरक्षण एवं सम्बर्द्धन गर्न मर्मत सम्भार कोषलाई सुदृढ वनाइनेछ ।

२९८. उपभोक्ता समिति मार्फत् सञ्चालन हुने हरेक पूर्वाधार निर्माणका कार्यक्रमहरुमा उपभोक्ता समितिले अनिवार्य रुपमा कुल लागतको १० प्रतिशत हिस्सा व्यहोर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२९९. यस गाउँपालिका अन्तर्गतका महत्वपूर्ण एवं गौरवका आयोजनाहरुको सम्भाव्यता अध्ययन गरि आवश्यक वजेटको व्यवस्थापनमा पहलकदमी गर्दै कार्यान्वयनमा ल्याईनेछ ।

३००. मरिण गाउँपालिकाको सडकको वर्तमान अवस्थाको विश्लेषण गर्दै भावी दिनमा सडक पूर्वाधारको दिगो र भरपर्दो विकासको लागि गाउँपालिका यातायात गुरुयोजना (MTMP) अद्यावधिक एवं निर्माण गर्ने नीति लिईनेछ ।

३०१. “हाम्रो मरिण राम्रो मरिण उज्यालो मरिण” भन्ने मूल नाराका साथ गाउँपालिका उज्यालो अभियानलाई मुर्तरुप प्रदान गर्न सबै वडाका नागरिहरुमा विद्युतीय पहुँच पुर्याउन सङ्घीय सरकार, प्रदेश सरकार र अन्य सरोकारवाला कार्यालयहरु बीचमा समन्वय गरि सहकार्यमा कार्य अगाडि बढाईनेछ ।

३०२. मरिण गाउँपालिकाको गौरबको आयोजनाको रुपमा रहेको फूलबारी मरिण डाइभर्सनको सम्भाव्यता अध्ययनको कार्यलाई तत्काल अगाडि बढाई कार्यान्वयन गरिनेछ ।

**<u>स्थानीय सडक, पुल तथा झोलुङ्गे पुलः</u>**

३०३. संघ तथा प्रदेश सरकारसँगको समन्वय एवं सहकार्यमा पालिका स्तरीय सडक निर्माण सम्बन्धी कार्यहरु अगाडि वढाउन पहलकदमी गरिनेछ ।

३०४. मरिण गाउँपालिकाको केन्द्र कपिलाकोट तथा महेश्वता व्यवस्थित बजार एवं तीव्र शहरीकरणलाई मध्यनजर गर्दै सडक यातायातको पहुँचलाई वैकल्पिक मार्गद्वारा सम्बोधन गर्न कपिलाकोट रिङरोड निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

३०५. मरिण गाउँपालिका अन्तर्गतका ग्रामीण सडकहरुको स्तरोन्नति एवं दिगोपनाको लागि आवश्यक पहल  गरि बार्है महिना निर्वाध रुपमा संचालन गरिने व्यवस्था मिलाईनेछ ।

३०६. मरिण गाउँपालिकाका वडा कार्यालयहरुको केन्द्र सम्म पुग्ने सडक आगामी ५ बर्ष भित्र पक्की सडकको रुपमा स्तरोन्नति गरिनेछ । साथै पक्की सडक निर्माण गर्दा देश भित्र उत्पादित सिमेन्टको प्रयोगका साथै ढुंगा गिट्टी बालुवाको समुचित प्रयोग मार्फत् देशको राजश्व अभिवृद्धि एवं परिचालन गर्न सडको ढलान गरि पक्की सडक निर्माण गर्ने कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।

३०७. "नियमित मर्मत संम्भार दिगो सडकको आधार" भन्ने नारालाई साकार पार्न गाउँपालिकाको व्याक हो लोडर प्रयोग गरि स्थानीय टोल विकास संस्था, प्राविधिक पुष्टयाई एवं लागत अनुमानको आधारमा वडाको समन्वयमा मरिण गाउँपालिकाको ग्रामीण कृषि सडकहरुको निरन्तर स्तरोन्नति एवं मर्मत सम्भार गरि वाह्रै महिना सवारी चल्न सक्ने नीति अवलम्बन गरिनेछ ।

३०८. गाउँपालिका यातायात सडक गुरुयोजनाले निर्दिष्ट गरे बमोजिमका सडकहरुको रेखाङ्कन तथा सीमाङ्कन गरि विस्तृत परियोजना प्रस्ताव तयार पारी त्यस्ता सडकहरु प्राथमिकताको आधारमा क्रमशः निर्माण गर्दै लगिनेछ ।

३०९. स्थानीय सडकहरुको निर्माण, उपयोग गर्दा वातावरणीय सन्तुलन एवं प्रभावलाई ध्यान दिइनेछ र आवश्यकताको आधारमा निश्चित रकमको निश्चित संख्यामा वृक्षारोपण गर्नु पर्ने व्यवस्था मिलाई कार्यान्वयन गरिनेछ ।

३१०. सडक पूर्वाधारलाई दिगो, भरपर्दो र टिकाउ वनाइनेछ । नयाँ सडक ट्र्याक निर्माण वा रु. ३ लाख भन्दा कम विनियोजित योजना वाहेक अन्य योजनाहरु कार्यान्वयन गर्दा ६०% स्ट्रक्चर निर्माण र ४०% ट्र्याक खोल्ने कार्यमा वजेट खर्च गर्ने नीति लिइनेछ । नयाँ सडक निर्माणको हकमा आवश्यकता अनुसार स्ट्रक्चर र ट्र्याकको कार्य गरिनेछ।

३११. मरिण गाउँपालिकाको एकीकृत विकास गुरुयोजनामा विषयगत योजना अन्तर्गत सडक व्यवस्थापन योजना निर्माण गरि सडक पूर्वाधार व्यवस्थापन नीति अवलम्बन गरिनेछ ।

३१२. गाउँपालिकाको स्थानीय सडक, रणनीतिक सडक, कृषि सडकहरुको वर्गीकरण गरी सडक सञ्जाललाई व्यवस्थित गरिने छ ।

३१३. निर्माणाधीन झोलुङ्गे पुलहरु सम्पन्न गर्न पहल गरिनेछ । थप आवश्यक स्थानमा झोलुङ्गे पुलको आवश्यकता पहिचान गरि कार्यक्रममा समावेश गर्न सम्वन्धित निकायमा पहल गरिनेछ ।

३१४. सडक यातायातलाई सहज र आरामदायी बनाउन सडक छेउमा शौचालय सहितको प्रतिक्षालय निर्माणको कार्यलाई प्रथमिकता दिईनेछ ।

३१५. हरित शहरलाई प्रवर्द्धन गर्न सडक छेउमा यातायात संचालनमा असर नपुग्ने गरि बृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ ।

३१६. वडा नं ०६ को भुताहा देखि वडा नं ०७ को देउजोर सम्म मदन भण्डारी लोकमार्गको दाँया बाँया सहायक मार्गको निर्माण कार्यको लागि समन्वय र पहल गरिनेछ ।

३१७. सडक योजनाको प्राथमिकीकरण गर्दा ट्र्याक खोली सकेका सडकको स्तरोन्नति कार्यलाई प्राथमिकता दिइनेछ ।

३१८. मरिण कपिलाकोट महेश्वता रिङरोडको डि.पी.आर गरि थप व्यवस्थित गर्दै स्तरोन्नति गरिनेछ ।

३१९. ठाँटी चोक देखि नयाँबस्ती सम्म सडकको दायाँ-बायाँ १०/१० मिटर गरि कुल २० मिटर सडकको मापदण्ड अनुसारको पैदल यात्री र साईकलको लागि लेन निर्माण गरिनेछ ।

## <u>भवन तथा सहरी विकास</u>

३२०. स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँपालिका क्षेत्र भित्रका भवन निर्माण कार्यलाई व्यवस्थित गरिनेछ ।

३२१. राष्ट्रिय भवन संहिता, २०६०, बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ तथा भवन निर्माणको नमूना मापदण्ड, २०७१ लाई पालना गराउँदै गाउँपालिका क्षेत्रमा व्यवस्थित बस्ती विकास गरिनेछ र भवन निर्माण गर्दा अनिवार्य रुपमा आफ्नो जग्गामा कम्तीमा २ वटा विरुवा रोप्नु पर्ने नीति अबलम्बन गरिनेछ ।

३२२. आगामी ३ बर्ष भित्र निर्माण हुन बाँकी वडामा सुविधा सम्पन्न वडा कार्यालय भवन निर्माण गरि सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।

३२३. गाउँ कार्यपालिकाको प्रशासकीय भवनलाई अपाङ्गता मैत्री, लैंगिक मैत्री, बालबालिका मैत्री, जेष्ठनागरिक मैत्री लगातय GESI को दृष्टिकोणले उपयुक्त एवं सुविधायुक्त बनाई गाउँ कार्यपालिकाको कार्यलयलाई सेवाग्राही मैत्री बनाउन र कार्यालयको परिसर व्यवस्थापनका लागि आवश्यक प्रवन्ध मिलाईनेछ ।

३२४. तीव्र गतिमा विकास हुँदै गएको मरिणको शहरीकरणलाई व्यवस्थित वनाउँदै व्यापारिक (सपिङ महल) निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

३२५. एकीकृत एवं व्यवस्थित आवास तथा शहरीकरणको लागि भूमिलाई आवास, कृषि, वन लगायतका क्षेत्रमा वर्गीकरण गरि आवास क्षेत्रमा मात्र भवन निर्माणको लागि इजाजत दिइने नीति लिइनेछ ।

३२६. तीव्र शहरीकरण सँगै बढ्दो जग्गा प्लटिङ्ग कार्यलाई व्यवस्थित गर्न गाउँ कार्यपालिकाबाट अनुमति लिइ जग्गा प्लटिङ्ग गर्ने कार्यलाई अगाडि बढाईनेछ । साथै ६ मिटर बाटो नभएको जग्गा प्लटिङ गरि बिक्री गर्न नपाउने नीति लिईनेछ ।

३२७. बढ्दो शहरीकरण तथा यातायातको चाप सँगै सवारी साधनको अव्यवस्थित पार्किङ्गलाई व्यवस्थित गर्दै यातायात व्यवसायी र आमनागरिक बीचको सम्बन्ध सुमधुर बनाई यातायातको सहज पहुँच स्थापित गर्न आगामी ३ बर्ष भित्र बसपार्कको लागि निःशुल्क जग्गा प्राप्त भएको स्थान वडा नं. ०६ स्थित धमिलेमा व्यवस्थित बसपार्क निर्माणको लागि सम्भाव्यता अध्ययनको कार्य अगाडि बढाईनेछ । साथै सार्वजनिक महत्वका भवन तथा व्यापारिक कम्प्लेक्स निर्माण गर्दा अनिवार्य रुपले नक्सामा नै यातायात पार्किङ्गको व्यवस्था राखि निर्माण गर्न लगाईनेछ ।

३२८. बढ्दो शहरीकरणलाई मध्यनजर गर्दै सम्भावित अव्यवस्थित शहरीकरणलाई रोक्न सङ्घीय तथा प्रदेश सकारको समन्वय एवं सहकार्यमा एकीकृत शहरी विकास गुरुयोजना मुताविक रेखाङ्कन गरि विकासका कार्यलाई अगाडि बढाईनेछ ।

३२९. मरिण घण्टा घर निर्माणको कार्यलाई अगाडि बढाईनेछ ।

३३०. मदन भण्डारी राजमार्ग दायाँ बायाँ निर्माण हुने घर तथा अन्य शहरोन्मुख बस्तीहरुमा समेत पहिचनाको हिसाबले, पर्यटकीय हिसाबले हरेकको ध्यानाकर्षण गर्न र सुन्दर शहरको निर्माणका लागि एकरुपता कायम गर्दै एउटै डिजाईन र रंगरोगनमा घर तथा बस्ती निर्माणार्थ मरिणको रहर आर्षक शहर भन्ने नारालाई कार्यान्वयनमा ल्याईनेछ ।

## विद्युत, सञ्चार र सिंचाई

३३१. विद्युत प्रशारण लाईन नपुगेको वस्तीहरुमा सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरि आगामी आर्थिक वर्ष भित्रमा प्रशारण लाईन पुर्‍याईनेछ ।

३३२. नवीकरणीय उर्जाको प्रयोग एवं प्रवर्द्धन, विद्युतीय चुलोको पहुँचमा अभिबृद्धि गर्दै एल.पि.जि. ग्यासको प्रयोगमा न्यूनीकरण गर्ने नीति र कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३३३. सङ्घीय सरकारसँगको समन्वय र सहकार्यमा २० यूनिट सम्मको व्यक्तिगत विद्युत महसुल निःशुल्क उपलब्ध गराईनेछ ।

३३४. विद्युतीय सवारी साधनलाई प्रवर्द्धनका लागि चार्जिङ्ग स्टेशन लगायतका आवश्यक पूर्वाधार निर्माण लागि गाउँपालिकाले विशेष पहलकदमी गर्नेछ ।

३३५. मरिण गाउँपालिकाका नागरिकहरुमा सूचना प्रविधिको पहुँच स्थापित गर्न वडा नं. ०१ को खलंगा, वडा नं. ०४ को ठूलिदमार र कुडुले एवं वडा नं. ०५ को आम्बास तथा वडा नं. ०६ को कपिलाकोट स्थित कार्कीडाँडा लगायतका स्थानहरुमा नेपाल टेलिकमको टावर स्थापना गर्न पहल गरिनेछ।

३३६. वाकिटकी संचारलाई व्यवस्थित गर्न वाकिटकी वेस स्टेसन निर्माणको सम्भाव्यता अध्ययन गर्न निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

३३७. कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना, मझौला तथा ठूला सिंचाई योजना संचालनको लागि सम्वन्धित निकायसँग समन्वय गरिनेछ । साथै सिंचाईको आधुनिक प्रविधिलाई गाउँपालिकामा भित्र्याइनेछ ।

३३८. वडा नं. ०७ जरायोटार देउजोर खोला दोभान मुहान बनाई मरिणको पानीबाट वडा नं. ०६ को भुताहा सम्म सिंचित गराउन वृहत् सिंचाइ कुलो निर्माणमा पहल गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन नीति

### वन, वातावरण तथा भू-संरक्षणः

३३९. सामुदायिक वन उपभोक्ता समितिसँग सहकार्य गरि वन विनास कार्य रोकथाम गरिनेछ। साथै वृक्षारोपण, वनको डढेलो नियन्त्रण, चरिचरन नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यहरु संचालन गरिनेछ ।

३४०. IEE गरि तोकिएको मापदण्ड एवं क्षेत्रभन्दा वाहेकका स्थानवाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् कार्यलाई रोक लगाइनेछ।

३४१. गाउँपालिका क्षेत्र भित्र सवै प्रकारका वनको संरक्षण, प्रवर्द्धन र नियमनका लागि स्थानीय वन ऐन, २०७६ लाई कार्यान्वयनमा ल्याईनेछ ।

३४२. राष्ट्रिय राजमार्ग दायाँ वायाँ वृक्षारोपण गरि हरियाली सडक सौन्दर्यता वढाउने कार्यलाई निरन्तरता दिईनेछ।

३४३. लालिगुराँसको लागि उपयुक्त हावापानी भएको क्षेत्रमा लालिगुराँसको संरक्षण तथा वृक्षारोपण गरिनेछ ।

३४४. प्राकृतिक रुपमा उत्पादन भएका विरुवाहरुको संरक्षण गर्दै वृहत् वृक्षारोपण कार्यलाई संचालन गर्ने नीति लिईनेछ ।

३४५. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न पालिकाले समन्वयकारी भूमिका खेल्नेछ ।

३४६. वस्तीस्तरमा हुने आगोलागी र वन जंगल तथा भीर पाखामा लाग्ने डढेलोबाट हुने जनधनको क्षति तथा वातावरणीय प्रदुषण रोक्न सम्बन्धित सरोकारवालाहरुको समन्वयमा विषेश कार्यक्रम संचालन गरिनेछ ।

३४७. गाउँपालिका क्षेत्र भित्रका वनलाई नियमन र नियन्त्रण गर्न समन्वयमा आवश्यक वन नीति निर्माण गरिनेछ ।

३४८. वृक्षारोपण, हरित उद्यान स्थापना तथा जैविक फलफूल खेती प्रवर्द्धन, वायोग्यास लगायतका वन तथा वातावरण संरक्षण, जलवायु अनुकुलनका कार्यक्रमहरु अवलम्बन गरिनेछ ।

## विपद् व्यवस्थापनः

३४९. "नसोधी, नवोली आउँछ, प्रकृतिको विपदा: उठौं, जागौं, जोगाऔं जीउधन र सम्पदा" भन्ने विपद् सम्वन्धी मूल नारालाई अवलम्वन गरि विपद् व्यवस्थापनको लागि पूर्वतयारीमा जोड दिइनेछ ।

३५०. मरिण गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि संचालित आकस्मिक कार्य संचालन केन्द्र तथा प्रारम्भिक सूचना प्रणाली व्यवस्थित गरि उक्त प्रणालीलाई जिल्ला, प्रदेश तथा संङ्घीय सरकारसँग लिङ्क गरिनेछ ।

३५१. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको तयारी एवं सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३५२. स्थानीय तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

३५३. विपद् ब्यवस्थापन कोषलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

३५४. "हरेक नागरिकको विपदमा मरिण सरकार छ साथमा" भन्ने मूल नाराका साथ मरिण गाउँपालिकाका नागरिकहरुलाई सम्भावित विपदको जोखिमबाट मुक्त गर्न गराउन आवश्यक व्यवस्थापन सहित हदै सम्मको पहल गर्नेछ ।

३५५. वृहत् विद्यालय सुरक्षा अवधारणलाई यस पालिकाभित्र यथाशीघ्र कार्यान्वयनमा ल्याईनेछ।

३५६. विषद् व्यवस्थापनको सन्दर्भमा आधुनिक तथा परम्परागत ज्ञान दुबैको प्रयोग गर्ने नीति लिईनेछ ।

**फोहोरमैला व्यवस्थापनः**

३५७. मरिण गाउँपालिका वडा नं. ०३ स्थित भालुमारामा स्थायी ल्याण्ड फिल्ड साईट छनौट गरि IEE समेत गरिसकिएको हुँदा व्यवस्थित एवं वैज्ञानिक तथा आधुनिक तवरले फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ ।

३५८. आवश्यक एवं औचित्यको आधारमा सफा र स्वच्छ मरिण गाउँपालिका वनाउन विभिन्न स्थानमा फोहोरमैला व्यवस्थापन सामग्रीको व्यवस्था गरिनेछ।

३५९. नव गठित टोल विकास संस्थालाई सक्रिय वनाई संघ संस्थाहरूको समन्वय र सहकार्यमा फोहोरमैला सम्वन्धी विभिन्न अभियानहरू संचालन गरि गाउँपालिकालाई सरसफाईयुक्त गाउँपालिका वनाईनेछ ।

३६०. फोहोमैला व्यवस्थापन गर्दा घरबाट नै अर्गानिक, प्लाष्टिक, सिसाजन्य, कुहिने एवं नकुहिने फोहोरलाई छुट्टा-छुट्टै संकलन गर्ने ब्यवस्था मिलाईनेछ ।

३६१. गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य, सरसफाई र स्वच्छताको एवं वातावरणीय दृष्टिकोणले उत्सर्जित प्लाष्टिकजन्य फोहोरको न्यूनीकरण गर्न प्लाष्टिकजन्य वस्तुहरु प्रयोगमा निरुत्साहित गरिने नीति लिईनेछ ।

३६२. गाउँपालिकालाई स्वच्छ र सफा गाउँपालिका वनाउन विभिन्न स्थानहरूका साथै विद्यालयहरूमा डसविनको व्यवस्थापन गरिनेछ ।

३६३. मरिण गाउँपालिका भित्रका वजार क्षेत्रहरूमा सार्वजनिक शौचालय निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।

**जलवायु परिवर्तनः**

३६४. जल तथा मौसम सम्वन्धी जानकारी राख्न जलाधारको एकीकृत जलाधार व्यवस्थापन योजना तयार गरिनेछ।

३६५. संघ, प्रदेश र स्थानीय सरकारले नेपालको संविधानमा भएको संवैधानिक व्यवस्था अनुसार सांगठानिक संरचनामा सुधार गर्दै सुक्ष्म, साना, मझौला र वृहत् नदि जलाधार योजना तयार गरि समन्वयात्मक ढंगबाट विपद् जोखिम न्यूनीकरण गरिनेछ।

३६६. नेपाल सरकारले लिएको नीति अनुरुप यस गाउँपालिका भित्र प्रयोग हुने परम्परागत चुलोको स्थानमा विद्युत पुगेका स्थानहरुमा इन्डक्सन चुल्हो प्रयोगको लागि उत्प्रेरित

गरिनेछ । साथै विद्युत नपुगेका स्थानहरुमा सुधारिएको चुलो प्रयोग गर्ने गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

३६७. प्रत्येक वडामा कम्तीमा एक वटा पोखरी निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

३६८. सुख्खा ग्रस्त जलाधार क्षेत्रमा एकीकृत पानी श्रोत व्यवस्थापन कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ।

३६९. पहिरो नियन्त्रण विपद् व्यवस्थापन एवं जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्दै जलवायु अनुकुल विकास निर्माण गर्ने कार्यका लागि आवश्यक पहल गरिनेछ।

३७०. सार्वजनिक स्थानहरूमा समि, वर, पिपल जस्ता प्रशस्त अक्सिजन दिने वोट विरूवाहरू रोप्ने कार्यलाई प्राथमिकता दिईनेछ।

३७१. जलवायु परिवर्तनका प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न समुदायको परिचालन मार्फत् पर्यावरणको संरक्षण, विकास तथा वातावरण वीच सन्तुलन कायम गर्ने नीति लिईनेछ।

३७२. संघ संस्था सँगको समन्वय, सहयोग र सहकार्यमा जलवायु परिवर्तन सम्वन्धी विविध कार्यक्रम संचालन गरिनेछ ।

## जल उत्पन्न प्रकोप नियन्त्रणः

३७३. मरिण खोलाले वर्षेनी ठूलो मात्रामा धनजन र खेतीयोग्य जमिन नष्ट गर्ने भएको हुँदा सङ्घीय सरकार/प्रदेश सरकारको सहयोगमा उक्त खोलाको दुवै किनारामा वृहत् तटवन्धन कार्यक्रम संचालन गरिनेछ ।

३७४. मरिण गाउँपालिका क्षेत्र भित्रका खहरे खोलाको असरलाई नियन्त्रण गर्न सरोकारवालाहरुसँग समन्वय एवं सहकार्य गरि नियन्त्रण एवं संरक्षणको नीति अवलम्बन गरिनेछ ।

३७५. गाउँपालिकाको दक्षिण भेगमा रहेको चुरे संरक्षणको लागि राष्ट्रपति चुरे संरक्षण एवं चुरे संरक्षण सम्वन्धी कार्य गर्ने विभिन्न संघ/संस्थाहरुसँग समन्वय गरि चुरेको संरक्षण कार्यलाई प्राथमिकताका साथ अगाडि वढाईनेछ ।

३७६. राष्ट्रिय गौरबको आयोजनाको रुपमा रहेको सुनकोशी मरिण ड्राईभर्सन आयोजनाको कार्यान्वयनमा गाउँपालिकाको तर्फबाट आवश्यक सहयोग, समन्वय एवं सहजीकरण गर्दै मरिण खोलाको दाँया-बाँयाको खेतीयोग्य जमिनको संरक्षणका लागि तटबन्ध निर्माण गर्न पहल गरिनेछ ।

३७७. भगवती खोलाको कारण हुन सक्ने सम्भावित जोखिमलाइ न्यूनीकरण गर्न भगवती खोलाको करिडोरलाई व्यवस्थित गरिनेछ ।

३७८. वरुण खोलाको कारण सिर्जना हुने वाढी, पहिरो, भू-क्षय नियन्त्रण गर्न वरुणखोला तटबन्ध निर्माण तथा नियन्त्रण योजनाको लागि सम्भाव्यता अध्यनय गरिनेछ ।

३७९. चिहाने खयरसाल जुटपानी हुँदै मरिणमा बग्ने फूलवारी खोलाको दायाँ बाँया तटबन्ध गरी नदी कटान जग्गालाई उकासी पालिकाको स्वमित्वमा ल्याउने नीति लिईनेछ ।

३८०. गाउँपालिका अन्तर्गतका व्यक्तिगत नामनामेसीमा दर्ता भएका जग्गा बाहेकका ऐलानी एवं सार्वजनिक जग्गाको एकीकृत तथ्याङ्क अद्यावधिक गरी उक्त जग्गाको संरक्षण एवं उपयोगमा आवश्यक पहलकदमी गरिनेछ।

३८१. गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न खोला र खोल्सीबाट हुन सक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्न आवश्यक तारजाली खरिद गरि सम्वन्धित सरोकारवालाहरू सँगको समन्वयमा कार्यान्वयनमा ल्याईनेछ ।

## सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति

### संगठनात्मक व्यवस्थापनः

३८२. गाउँपालिकाको कर्मचारी प्रशासनलाई व्यवस्थित बनाउन हाल कार्यान्वयनमा रहेको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) लाई विधिसम्मत ढंगबाट आवश्यकताको आधारमा अद्यावधिक गरि कार्यान्वयन गरिनेछ ।

३८३. कर्मचारीहरुको क्षमता विकासका लागि तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

३८४. कर्मचारीहरुको मनोबल उच्च बनाई सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवं नतिजामुखी, पारदर्शी एवं आर्थिक अनुशासन कायम गर्ने नीति अबलम्बन गरिनेछ।

३८५. कर्मचारीहरुलाई प्रोत्साहन गर्न आवश्यक कार्यविधि वनाई प्रोत्साहन स्वरुप सुविधा उपलब्ध गराउने नीति लिइनेछ।

३८६. कार्य कुशलताको आधारमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत दिईने नीति लिइनेछ ।

३८७. सेवाग्राहीको गुनासो व्यवस्थापन गर्न Exit Pole को व्यवस्था गरिनेछ।

३८८. सेवाग्राहीको चापलाई मध्यनजर गर्दै सेवा प्रवाहलाई प्रभावकारी एवं व्यवस्थित बनाउन टोकन प्रणाली लागू गरि सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

३८९. गाउँपालिका अन्तर्गतका सबै कार्यालयमा सेवा प्रवाहको एकद्वार प्रणाली विकास गर्ने नीति अवलम्बन गरिनेछ । जनगुनासो सम्बोधनका लागि हरेक वडामा गुनासो सुनुवाइको व्यवस्था र मोबाइल गभर्नेन्सको व्यवस्था गरिनेछ । गाउँ कार्यपालिकाको कार्यालय एवं मातहतका कार्यालयहरूबाट हुने सेवा प्रवाहको गुणस्तरमा अभिवृद्धि गरिनेछ ।

३९०. कर्मचारीको योगदानमा आधारित निवृत्तिभरण, उपदान तथा बीमा कोष खडा गरी कर्मचारीलाई उत्प्रेरित गर्ने नीतिको कार्यान्वयन गरिनेछ ।

३९१. "मरिण गाउँपालिकाको सुशासनका आधारः उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता र सदाचार" भन्ने नारालाई गाउँपालिकाको सुशासन कायम गर्ने कडीको रुपमा लिइनेछ।

३९२. गाउँपालिकाबाट प्रवाह हुने सेवालाई प्रभावकारी वनाउन “जनता सुखी, हामी खुसी” भन्ने नारालाई साकार पार्न स्थानीय तहको शासन र प्रशासनिक संयन्त्रलाई सेवामुखी, स्तरीय, विधिसम्मत र जनमैत्री बनाइनेछ ।

३९३. स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण वमोजिम कर्मचारी व्यवस्थापन गरि सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी वनाईनेछ । साथै संगठन तथा व्यवस्थापन सर्भेक्षणलाई आवश्यकता एवं औचित्यताको आधारमा गाउँ कार्यपालिकावाट परिमार्जन एवं संशोधन गरि कार्यान्वयमा ल्याइनेछ ।

३९४. सेवा प्रदायक निकायको दक्षता अभिवृद्धि गरी सेवा प्रति जवाफदेहिता प्रवर्द्धन गरिनेछ । सेवा प्रवाहमा पारदर्शिता र प्रभावकारिता ल्याउन आवधिक रुपमा सार्वजनिक सुनुवाई, नागरिक सुनुवाई जस्ता कार्यक्रम आयोजना गरिनेछ ।

३९५. जनताको गुनासो सुनुवाई संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३९६. कार्यालयबाट प्रवाह गरिने सेवा प्रवाहलाई सुदृढ गर्न आवश्यक श्रोत तथा साधनको व्यवस्थापन गरिनेछ ।

३९७. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय एवं प्रभावकारी बनाउन विद्युतीय शासन प्रणाली अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र सङ्क्षेपीकरण गरिनेछ ।

३९८. सबै वडा कार्यालयहरुबाट प्रवाह हुने सेवालाई गाउँ कार्यपालिकाको एकीकृत सञ्जालमा जोड्ने व्यवस्था मिलाइनेछ ।

३९९. सवै वडा कार्यालय तथा कार्यपालिकाको कार्यालयमा क्रमशः विद्युतीय नागरिक वडापत्रको व्यवस्थापन गरिनेछ ।

४००. मरिण गाउँपालिकाको खर्च प्रणालीलाई पारदर्शी बनाई पूँजीगत खर्चको न्यून अनुपातलाई बढोत्तरी गरि पूँजीगत खर्चमा वृद्धि तथा नतिजामूखी बनाई वित्तीय सुशासन सहितको जबाफदेहीता र उत्तरदायित्व प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

४०१. गाउँपालिकाका महत्वपूर्ण निर्णयहरु कानून बमोजिम सञ्चार माध्यम, सामाजिक सञ्जाल तथा वेबसाइट मार्फत सार्वजनिक गरिनेछ।

४०२. गुनासो तथा उजुरीपेटीकाको व्यवस्था गरि प्राप्त गुनासो तथा उजुरीहरुको समयमा नै उचित व्यवस्थापन गरिनेछ ।

४०३. सङ्घीय सरकार, प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुबाट कार्यान्वयन गरिने योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न पालिकाको तर्फबाट आवश्यक समन्वय, सहयोग तथा सहजीकरण गरिनेछ ।

४०४. सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त कार्यक्रम तथा बजेट एवं अन्य सरोकारवाला निकायबाट प्राप्त कार्यक्रम तथा बजेटको प्रभावकारी परिचालन मार्फत् कार्यान्वयन गरिनेछ ।

४०५. वित्तीय सुशासनलाई अभिवृद्धि गर्न विद्युतीय प्रणाली मार्फत् गाउँ कार्यपालिकाको कार्यालय एवं मातहतका कार्यालयबाट प्रदान गरिने सेवालाई क्रमश अफिस अटोमेशन पद्दतिमा लगिनेछ ।

४०६. गाउँ कार्यपालिकाको कार्यालयबाट प्रवाह गरिने सेवालाई चुस्त प्रभावकारी बनाउनका लागि एवं गाउँपालिकाको कार्यबोझ, चाप तथा जनशक्तिलाई मध्यनजर गर्दै रु.३ (तीन) लाख सम्मको योजनाहरु वडा तहबाट नै सम्झौता गरि कार्यान्वयनमा ल्याईएकोमा अति नै मितव्ययी, प्रभावकारी, सेवाग्राहीमैत्री तथा नागरिकमैत्री भएकोले यसलाई निरन्तरता दिईनेछ ।

४०७. मरिण गाउँपालिकालाई सूचना तथा संचार प्रविधिमैत्री गाउँपालिकाको रुपमा विकास गरिनेछ ।

४०८. गाउँ कार्यपालिकाको कार्यालयबाट प्रदान गरिने सेवालाई सरल, छिटो छरितो र अनुमान योग्य बनाउन तथा सेवा प्रवाहलाई गुणस्तरीय ढंगले सम्पादन गर्न आवश्यक समन्वय गरिनेछ ।

४०९. मरिण गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई नागरिकमैत्री बनाउन आ.व. ०८०।८१ लाई सुशासन सहितको चुस्त, छिटो, छरितो एवं गुणस्तरीय सेवा प्रवाह बर्षको रुपमा कार्यान्वयन गरिनेछ ।

४१०. सरकारलाई नागरिकप्रति अधिकतम रुपमा उत्तरदायी बनाउन आ.व. ०८०।८१ देखि क्षतिपूर्ति सहितको नागरिक वडापत्रलाई व्यवहारतः कार्यान्वयनमा ल्याईनेछ ।

४११. आवधिक योजना र मध्यमकालीन खर्च संरचना (MTEF) को बीचमा तादाम्यता मिलाई योजना तथा कार्यक्रमको छनौट र सोको प्रभावकारी कार्यान्वयन गर्न आवधिक योजनालाई अद्यावधिक गरि मध्यमकालीन खर्च संरचना निर्माणको कार्यलाई अगाडि बढाईनेछ ।

## राजश्व तथा वित्तीय व्यवस्थापन नीतिः

४१२. "हामीले तिर्ने कर, मरिणको विकासको लागि भर" भन्ने नाराका साथ आम करदाताहरुलाई करको दायरामा ल्याउन कर साक्षरता अभियान संचालन गरिनेछ ।

४१३. आर्थिक रुपमा विपन्न नागरिकलाई सिफारिस दस्तुरमा केही छुट प्रदान गरि करको भारमा सहुलियत गर्दै करको दायरा फराकिलो पार्ने नीति अवलम्बन गरिनेछ ।

४१४. करको दायरालाई बढाउँदै लैजाने पालिकाको नीति अनुसार करको शीर्षक अनुसार मितव्ययी तवरले कर संकलन गर्ने व्यवस्था मिलाईनेछ ।

४१५. आन्तरिक राजश्वलाई बढोत्तरी गर्न करका विभिन्न सम्भाव्य क्षेत्रहरुको पहिचान एवं राजश्व सुधार योजना निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

४१६. आर्थिक अनुशासन कायम गर्नका लागि आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरि नियन्त्रण र सन्तुलनको व्यवस्था मिलाई कार्यान्वयनमा ल्याइनेछ ।

४१७. अत्यावश्यक वाहेकका शीर्षकमा खर्च नियन्त्रण गरी श्रोतको उपयोग गर्दा मितव्ययी हुने नीति अवलम्बन गरिनेछ ।

४१८. गाउँपालका अन्तर्गतका सरकारी र सार्वजनिक चल-अचल सम्पत्तिको एकीकृत तथ्यांक सकंकलन एवं सोको अभिलेख तयार गरि सदुपयोग र संरक्षणको नीति अख्तियार गरिनेछ । आर्थिक पारदर्शिता, वित्तीय अनुशासन र बेरुजु फछ्र्यौटलाई अझ प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ ।

४१९. गाउँपालिकाको गत विगत आर्थिक वर्षको वेरुजु मध्ये प्रमाण पेश गरि नियमित गर्नु पर्ने वेरुजुलाई नियमित गर्ने, असुल उपर गर्नुपर्ने वेरुजुलाई सम्बन्धित व्यक्ति तथा

संघसंस्थाहरुसँग नियमानुसार असुलउपर गरि राजश्व अभिवृद्धि गर्ने र म्याद नाघेका एवं नियमति पेश्की बेरुजुलाई फछ्र्यौट गर्ने नीति लिइनेछ ।

४२०. गाउँपालिकाको वेरुजुलाई न्यून एवं शून्य बेरुजुको अवस्थामा ल्याउन गाउँ कार्यपालिकाको कार्यालयले गरेको सकरात्मक प्रयासलाई सहयोग तथा समन्वय गर्ने नीतिको अवलम्बन गरिनेछ ।

४२१. गाउँपालिकाको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन गर्न सामाजिक परीक्षणको नीति लिईनेछ ।

४२२. योजना तथा कार्यक्रम कार्यान्वयन स्थलमा सरोकारवालाहरुको अर्थपूर्ण उपस्थितिमा सामाजिक लेखापरीक्षण (Public Audit) गर्ने व्यवस्था मिलाईनेछ ।

४२३. गाउँपालिकाको आन्तरिक राजश्वलाई अभिवृद्धि गरि स्वयं सक्षमता हाँसिल गर्न कानुनतः सबैलाई करको दायरामा ल्याउन बढि कर तिर्नेलाई सम्मान र कर सम्बन्धी जानकारी गराउने उद्देश्यले करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ । साथै महिला उद्यमी एवं व्यवसायीलाई प्रोत्साहन गर्न व्यवसाय कर छुटको विशेष नीति लिईनेछ ।

**<u>न्यायिक समितिः</u>**

४२४. न्याय सम्पादनलाई व्यवस्थित बनाउन तत्का इजलास निर्माणको कार्य अगाडि बढाईनेछ।

४२५. न्यायिक समितिबाट सम्पादन गरिने सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी बनाइनेछ ।

४२६. न्याय प्रणालीलाई विश्वसनीय बनाउन र सुधार गर्न अध्ययन अनुसन्धानमा जोड दिई न्यायिक समितिको क्षमता अभिवृद्धि गरिनेछ ।

४२७. स्थानीय विवाद मेलमिलापको माध्यमबाट निरुपण गर्न मेलमिलाप केन्द्रको व्यवस्थापन गरि उनीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

४२८. गरिब, असहाय तथा पछि परेको समुदायको लागि निःशुल्क कानुनी परामर्शको लागि सहयोग गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

४२९. न्यायिक समितिले सम्पादन गर्न पाउने विवादहरु के-के हुन्, यसका प्रक्रियाको बारेमा जनस्तरमा प्रचार-प्रसार गर्ने कार्यक्रमहरु निर्माण गरिनेछ ।

४३०. वार्षिक नीति अनुरुप कार्यक्रम कार्यन्वयन एवं सुशासन कायम गर्न आवश्यक ऐन, नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिका निर्माण गरिनेछ ।

**विविधः**

४३१. सङ्घीय सरकार तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा मरिण गाउँपालिकाका आम नागरिकरुलाई जस्तापाता उपलब्ध गराई खरको छानो मुक्त गाउँपालिकाका लागि पहल गरिनेछ ।

४३२. सन् २०१५ देखि २०३० सम्मका लागि निर्धारित दिगो विकासका १७ वटा लक्ष्यहरुको हाँसिल गर्न दिगो विकास २०३० सम्बन्धी क्रियाकलाप कार्यान्वयनको अवस्था र भावी दिनमा अपनाउनु पर्ने रणनीतिका सन्दर्भमा "दिगो विकास लक्ष्यमा मरिण गाउँपालिकाको उपलब्धी समीक्षा तथा भावी रणनैतिक योजना कार्यक्रम" कार्यान्वयमा पहल गरिनेछ ।

४३३. उद्योग बाणिज्य संघ मरिण शाखाको समन्वय र सहकार्यमा मरिण गाउँपालिकाको हरेक विकासात्मक कार्य एवं क्रियाकलापमा निजी क्षेत्रलाई समेत समेटेर अगाडि बढ्ने नीति लिईनेछ ।

४३४. मरिण गाउँपालिका क्षेत्र भित्र संचालित विभिन्न प्रकृतिका यातायातको क्षेत्रमा देखिएको व्यथितिको नियन्त्रण एवं नियमन गर्दै व्यवस्थित बनाउन सम्बन्धित सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरि अगाडि बढिनेछ ।

४३५. आर्थिक रुपले पछाडि परेका बर्ग तथा समुदायलाई उत्पादन एवं स्थानीय रोजगारी सँग आवद्ध गराई उनीहरुको जीवनस्तरलाई माथि उकासी आत्मनिर्भर बनाउन "विपन्न सँग मरिण सरकार" अभियान अगाडि बढाईनेछ ।

अन्त्यमा,

मरिण गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि यो नीति तथा कार्यक्रमले अंगिकार गरेका विषयहरुको कार्यान्वयन महत्वपूर्ण हुनेछ । नेपालको संविधानले आत्मसात गरेका मान्यता, परिकल्पना, नेपाल सरकारको १५ औं आवधिक योजना तथा प्रदेश सरकारको योजनाको आधारपत्र र यस गाउँपालिकाको आवधिक विकास योजनाको आधारमा रही यहाँका आम जनसमुदायबाट प्रकट भएका भावनाहरुलाई यस नीति तथा कार्यक्रमले समेटेको छ । आगामी बजेटबाट नीति कार्यक्रममा व्यक्त प्रतिवद्धतालाई समेट्ने विश्वास लिएको छु । यो नीति तथा कार्यक्रम समुन्नत गाउँपालिकाको खाका सहित कार्यान्वयन

योग्य दस्तावेजको रुपमा रहने छ । नीति तथा कार्यक्रमका लागि सुझाव दिनु हुने सम्पूर्ण जनप्रतिनिधिहरु, राजनैतिक दलका प्रतिनिधि, बुद्धिजिवी, समाजसेवी, र कर्मचारी तथा अन्य सरोकारवालाहरु सबैमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

**धन्यवाद ।**

**विमर्श मुक्तान**
**अध्यक्ष**

मारुणी गाँउपालिका

आर्थिक वर्ष २०८०/८१ को

# वजेट वक्तव्य

## मरिण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

वागमती प्रदेश

मरिण गाउँपालिका

श्रद्धेय अध्यक्ष महोदय,

१. अहिले हामी स्थानीय सरकारको हैसियतमा ऐतिहासिक दोस्रो गाउँसभाको तेस्रो अधिवेशनको प्रथम बैठकमा आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रमको छलफलमा छौं । सीमित श्रोत साधनबाट जनताका असीमित इच्छा आकांक्षलाई सम्बोधन गर्न निश्चय पनि चुनौतिपूर्ण छ ।

२. नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, समाजवाद उन्मुख आर्थिक प्रणालीका साथै राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, शान्ति र सुशासन, संघीय र प्रदेश सरकारको बार्षिक नीति, योजना तथा कार्यक्रम, राजनीतिक दलहरुको चुनावी घोषणापत्र, दिगो विकासको लक्ष्यलाई वजेट तथा कार्यक्रम तयार गर्ने मार्गदर्शनको रुपमा लिएको छु ।

३. देशको आर्थिक क्षेत्रमा उत्पन्न कठिन परिस्थिति र विश्वव्यापि रुपमा आएको आर्थिक मन्दिको कारण ओरालो लागेको अर्थतन्त्र सँग जुध्दै मरिणबासीको जीवनस्तर सहज बनाउन आईपरेका चुनौतीलाई सम्बोधन गर्दै सुशासन मार्फत समग्र पालिकाको समृद्धिका लागि सहयोग पुग्ने ध्येयका साथ स्थानीय सरकारको वजेट तथा कार्यक्रम समितिको संयोजकको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०८०/८१ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु।

४. यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली जनताको स्वतन्त्रता तथा अमनचैन प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु । राजनैतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

५. आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले गहन जिम्मेवारी बोध गरेको छु । पालिकाको समृद्धिको यात्रालाई टेवा पुर्‍याउने उद्देश्यका साथ आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम यस सम्मानित सभामा पेश गर्न अनुमति चाहन्छु ।

६. मरिण समृद्धिको लागि हाम्रो गाउँपालिकाले लिएको **"कृषि, पशुपालन र पूर्वाधारः मरिण गाउँपालिकाको विकासको आधार"** भन्ने दीर्घकालीन सोचलाई आत्मसाथ गर्दै स्वस्थ, सभ्य र सुसंस्कृत समाजको निर्माण गर्ने दिशामा आगामी वर्षको वजेट तथा कार्यक्रम लक्षित रहेको कुरा म सम्मानित सभाका सदस्यज्यूहरुलाई विश्वास दिलाउन चाहन्छु ।

श्रद्धेय अध्यक्ष महोदय,

अव म चालु आ.व. २०७९/८० को वार्षिक कार्यक्रमको समीक्षा गर्न अनुमति चाहन्छु ।

७. चालु आ.व.को लागि गाउँसभाबाट कुल विनियोजित रु. ६५ करोड ५९ लाख २८ हजार ८०० मध्ये हालसम्म चालु तर्फ रु. ३२ करोड ४६ लाख ०७ हजार ८३५ र पुँजिगत तर्फ रु. १४ करोड २४ लाख ९७ हजार ५२ खर्च भएको छ । गाउँपालिका तर्फ विनियोजित रु. ३६ करोड १३ लाख ३९ हजार ८०० मध्ये हालसम्म चालु तर्फ रु. १३ करोड ५१ लाख ६८, पुँजीगत तर्फ १० करोड ६४ लाख १८ हजार ८२७ खर्च भएको छ । संघीय सशर्त अनुदान तर्फ विनियोजित रु. २४ करोड ८७ लाख ९५ हजार मध्ये हालसम्म चालु तर्फ रु. १८ करोड २९ लाख ९५ हजार १८६, पुँजीगत तर्फ रु. १ करोड ५५ लाख ८० हजार ७८४ खर्च भएको छ । प्रदेश सशर्त अनुदान तर्फ विनियोजित रु. ४ करोड ५७ लाख ९४ हजार मध्ये हालसम्म चालु तर्फ ६५ लाख १२ हजार ५८१, पुँजीगत तर्फ रु. २ करोड ४ लाख ९७ हजार ४४२ खर्च भएको छ । कुल विनियोजित वजेट मध्ये हालसम्म ७१.२१ प्रतिशत खर्च भई सकेको छ ।

८. चालु आ.व.मा सम्पन्न भएका र सुचारु रहेका योजना तथा कार्यक्रमको विश्लेषण गर्दा भौतिक पूर्वाधार तर्फ निम्न आयोजनाहरु सफलतापूर्वक कार्यान्वयन भईरहेको छ ।

क. पञ्चकन्या पोखरी पर्यटकीय पूर्वाधार निर्माण
ख. महेश्वता हरिहरपुरगढी सडक
ग. ३ नं. वडा कार्यालय भवन निर्माण
घ. ५ नं. वडा कार्यालय निर्माण
ङ. ७ नं. वडा कार्यालय भवन निर्माण
च. गाउँपालिका प्रशासकीय भवन व्यवस्थापन तथा कम्पाउण्ड वाल निर्माण
छ. गढीदमार-देउजोर दाहालडाँडा सडक विस्तार र स्तरउन्नती
ज. प्युरी अम्बास ज्यामिरे सडक
झ. फुटवल रंगशाला निर्माण साहान
ञ. खानेपानी आयोजना वडा नं. ४
ट. घाटा खञ्जनी चुरे सडक

९. नव निर्वाचित मरिण सरकारको आधार बर्षको रुपमा रहेको चालु आ.व.मा भएका उल्लेखनीय कार्यहरु यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

- ✓ तत्कालीन मरिण सरकारको अन्तिम कार्यकालको अपनत्व ग्रहण गर्दै प्रतिकूल समयको बाबजुत समन्वयात्मक, सहकार्यमूलक एवं सुधारात्मक ढंगबाट सफलतापूर्वक आ.व. ०७८।७९ सम्पन्न,
- ✓ संविधानमा तोकिएको समय सीमा भन्दा अगाडि नै गाउँपालिकाको आ.व. २०७९।८० को बार्षिक नीति, कार्यक्रम तथा बजेट गाउँ सभामा प्रस्तुत एवं पारित,
- ✓ सुत्केरी हुँदाको बखत गर्भवती महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यको शुरुवात एवं हाल सम्म ३०५ जना गर्भवती महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा प्रदान,
- ✓ तुलनात्मक रुपमा नागरिकको दैनिकी, जनजीविका, जनतालाई प्रत्यक्ष राहत पुग्ने हेतुले जनभावनाको उच्च सम्मान गर्दै सोको संवोधन गर्न आ.व. २०७९।८० को बार्षिक नीति, कार्यक्रम तथा तथा बजेट निर्माण र सोको कार्यान्वयन,
- ✓ वडा कार्यालय एवं टोल-टोलमा गई बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा वितरण गर्ने कार्यको शुरुवात तथा सोको निरन्तरता एवं सोहि समयमा जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण तथा उपलब्ध औषधि वितरण एवं थप उपचारको आवश्यक भए सल्लाह सुझाव समेत उपलब्ध गराउने गरिएको,
- ✓ रु. ३ लाख सम्मको बजेट एवं लागत अनुमान गरिएका योजना तथा कार्यक्रमहरु वडा कार्यालय बाट नै सम्झौता गरी सोको कार्यान्वयन गरिएको,
- ✓ आ.व. २०७९।८० को शुरुवाती महिना श्रावण महिनालाई आधार महिनाको रुपमा लिई मागमा आधारित क्षमता अभिवृद्धि तालिम संचालन एवं कार्ययोजना निर्माण,
- ✓ मरिण सरकारको पहिलो प्राथमिकता नागरिकको सम्मान र छिटो, छरितो एवं गुणस्तरीय सेवा प्रवाह भन्ने मूल ध्येयलाई कार्यान्वयन गर्न चुस्त सेवा प्रवाह तथा प्रशासनिक सुधारलाई उच्च प्राथमिकता,
- ✓ आ.व. २०७९।८० को बार्षिक नीति, कार्यक्रम तथा बजेटलाई सुव्यवस्थित, विधिसम्मत ढंगबाट कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन ६ वटा, नियमावली २

वटा, कार्यविधि १९ वटा, मापदण्ड ८ वटा र निर्देशिका ३ वटा निर्माण एवं आवश्यकतानुसार ऐन, नियमावली, कार्यविधि, मापदण्ड तथा निर्देशिका संशोधन,

- ✓ लैंगिक समानताका लागि मरिण गाउँपालिका अन्तर्गतका छोरी जन्माउने सुत्केरीलाई रु. ५ हजार पोषण भत्ता दिने कार्यक्रमको शुरुवात गरी हालसम्म १२० जनालाई उक्त सुविधा उपलब्ध गराईएको,
- ✓ संस्थागत गर्भवती, सुत्केरी प्रोत्साहनका लागि गर्भवती जाँच यातायात खर्च बापत रु. २ हजार दिने कार्यको शुरुवात,
- ✓ वृहत् मरिण वृक्षारोपण कार्यक्रमको शुरुवात,
- ✓ मरिणका सम्पूर्ण वडाहरुमा वैकल्पिक व्यवस्था सहितको उर्जा एवं विद्युत आपूर्तिको व्यवस्था,
- ✓ सार्वजनिक प्रशासनलाई उत्तरदायी, जवाफदेही एवं नागरिकमैत्री बनाउन गाउँ कार्यपालिकाको कार्यालयमा जेष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्ति एवं नागरिक सहायता कक्षको स्थापना साथै नागरिकहरुलाई सरकारप्रति सकरात्मक अनुभूति पैदा गर्न र गराउन कार्यालय परिसरमा सर्वत पानी एवं चियाको व्यवस्था,
- ✓ स्थानीय तहमा हुने गरेका बेरुजुलाई न्यूनीकरण गर्दै शून्य बेरुजु बनाउन बेरुजु फछ्र्यौट सम्बन्धी कार्यदल निर्माण गरी सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुको समन्वय तथा सहयोगमा गत आ.व. २०७८/७९ को महालेखापरीक्षकको बार्षिक अन्तिम प्रतिवेदन अनुसार वागमती प्रदेशमा नै गाउँपालिका तर्फ कम वेरुजु अर्थात् ०.३७ प्रतिशत मात्र कायम गर्न सफल एवं बेरुजुलाई शून्य बनाउनका लागि गाउँ कार्यपालिकाको कार्यालयले अभियानको रुपमा काम कार्वाही अगाडि बढाएको,
- ✓ बार्षिक खरिद योजना निर्माण, स्वीकृति एवं सोको कार्यान्वयन आरम्भ,
- ✓ मा.वि. खयरशालका लागि विद्यालय बस खरिद गरी हस्तान्तरण,
- ✓ मरिण गाउँपालिकाको वडा नं. ०६ र ०७ को लागि संचालित करिब रु. १७ करोड बराबरको मरिण वृहत् सामुदायिक खानेपानी तथा सरसफाई र ढल व्यवस्थापन आयोजनाको समन्वयात्मक एवं सहकार्यमूलक ढंगबाट कार्यान्वयनमा सहजीकरण,
- ✓ दुम्जा मरिण हुँदै लालबन्दी जोड्ने सडक आयोजना अन्तर्गत धमिले देउराली खण्डको करिब ५ करोड बराबरको पक्की सडक निर्माणका लागि सहकार्यमूलक ढंगबाट कार्यान्वयनमा सहजीकरण,

- ✓ १५ शैयाको मरिण आधारभूत अस्पतालको बजेट सुनिश्चितता गरी करिब रु.१७ करोड बराबरको ठेक्का सम्झौता भइ कार्यान्वयनको अवस्थामा रहेको,
- ✓ करिब रु. १ करोड ६० लाख बराबरको नेपाल स्वास्थ्यको लागि पानी (नेवा) कार्यक्रम कार्यान्वयन,
- ✓ करिब २ करोड १० लाख बराबरको नवप्रवर्तन साझेदारी कोष अन्तर्गत उन्नत जातको भैंसी तथा बंगुर पालन कार्यक्रम कार्यान्वयन,
- ✓ व्यवसाय तथा उत्पदनमा आवद्ध कृषकहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले मापदण्ड बमोजिम ३३ जना कृषकहरुलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराईएको,
- ✓ व्यवसाय दर्ता एवं बजार अनुगमनलाई अभियानकै रुपमा तीब्रता दिइ मरिण गाउँपालिका अन्तर्गत व्यवसाय गर्ने व्यवसायीहरुलाई करको दायरामा ल्याई करको दायरा बढाउने एवं नियमन गर्ने कार्यलाई प्राथमिकता दिइएको,
- ✓ गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयको शिक्षक दरबन्दी बैज्ञानिक ढंगबाट मिलान गर्न एवं गुणस्तर सुधारका लागि सुझाव संकलन गर्न कार्यदल निर्माण गरी प्राप्त प्रतिवेदनको कार्यान्वयन,
- ✓ चालु आ.व. को कार्यक्रम तथा बजेटको द्रुत गतिमा कार्यान्वयन गर्न सम्पूर्ण संयन्त्रहरुको परिचालन गरी हालसम्म करिब ९८ प्रतिशत कार्यसम्पन्न,
- ✓ सञ्चार, समन्वय र सहकार्यको संस्कृतिलाई प्रमुखताका साथ प्राथमिकता दिई अगाडि बढाईएको,
- ✓ भू-सेवा केन्द्र स्थापना गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित वसोवासीहरुको लगतलाई कम्प्युटर प्रविष्टि गरि जग्गा धनी पुर्जा उपलब्ध गराउने प्रयोजनार्थ निस्सा वितरण कार्य वडा नं. ५ बाट प्रारम्भ गरिएको एवं उजुर वाजुर नपरेका भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीहरुको विवरण प्रमाणीकरण गरि राष्ट्रिय भूमि आयोग जिल्ला समिति सिन्धुलीमा पठाईएको एवं वडा नं. ०३ को निस्सा वितरण कार्य सम्पन्न भएको,
- ✓ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित वसोवासीहरुलाई जग्गा धनी पुर्जा उपलब्ध गराउने प्रयोजनार्थ सेवा प्रदायक संस्था छनौट गरि नापी सम्बन्धी कार्यको प्रारम्भ,

- ✓ यस आ.व.मा गाउँपालिकालाई दाताहरुबाट निःशुल्क २३ कठ्ठा १५ धुर क्षेत्रफल र सशुल्क ३ कठ्ठा ५ धुर क्षेत्रफल गरी कुल २७ कठ्ठा क्षेत्रफल जग्गा प्राप्त भएको । फुटबल रंङ्गशालाको लागि ३ कठ्ठा ५ धुर क्षेत्रफल जग्गा सशुल्क, वसपार्कको लागि १० कठ्ठा २ धुर क्षेत्रफल जग्गा निशुल्क, वडा नं. २ वडा कार्यालयको लागि ३ कठ्ठा क्षेत्रफल जग्गा निशुल्क, वडा नं. ०३ वडा कार्यालयको लागि ५ कठ्ठा क्षेत्रफल जग्गा निशुल्क, वडा नं. ०५ वडा कार्यालयको लागि १३ धुर क्षेत्रफल जग्गा निशुल्क, वडा नं. ०७ वडा कार्यालयको लागि २ कठ्ठा क्षेत्रफल जग्गा निशुल्क र सामुदायिक स्वास्थ्य इकाइ बरुणका लागि ३ कठ्ठा क्षेत्रफल जग्गा निशुल्क प्राप्त भएको एवं २ नं. वडा कार्यालय जाने वाटो सार्वजनिक गरी उपयोगमा ल्याउन समेत प्रकृया अगाडि बढाईएको,
- ✓ जिल्ला प्रशासन कार्यालय सिन्धुलीको समन्वय र मरिण गाउँपालिकाको विशेष पहलकदमीमा राष्ट्रिय परिचय पत्र प्राप्तिको प्रोजनार्थ मिति २०८०/१०/२४ गते देखि मरिण गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट नै राष्ट्रिय परिचय पत्रको प्रि-इन्रोलमेन्ट फारम भर्ने व्यवस्था मिलाइ प्रभावकारी सेवा प्रदान गर्न सिन्धुली जिल्लाका स्थानीय तहहरु मध्ये पहिलो शुरुवात मरिण गाउँपालिकाले गरेकोमा हाल सम्म ५४ जनाले उक्त सेवा प्राप्त गरेका,
- ✓ वालविवाह न्यूनीकरण तथा उच्च शिक्षामा महिलाहरुको पहुँच सुनिश्चितताको लागि अविवाहित स्नातक तह उत्तीर्ण गर्ने किशोरीहरुलाई प्रोत्साहन स्वरुप रु. १ लाख उपलब्ध गराउने प्रयोजनार्थ ५ जना लाभग्राही छनौट रकम हस्तान्तरण समेत गरिएको,
- ✓ फुटवल, भलिवल, व्याटमिन्टन एवं रनिङ खेलहरु लगायतका अन्य खेलहरु समावेश गरि अध्यक्ष कप दोस्रो खेलकुद प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरिएको,
- ✓ गाउँपालिका अन्तर्गतका सवै वडाहरुमा वडास्तरीय खेलकुद प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरिएको,
- ✓ जिल्ला तथा प्रदेश तहमा भएका विभिन्न खेलकुद प्रतियोगिताहरुमा गाउँपालिकाबाट खेलाडीहरुलाई सहभागी गराई खेलकुदको विकास र प्रवर्द्धनमा सहयोग गरिएको,

- ✓ सबै माध्यमिक विद्यालयहरुको सहभागितामा राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरिएको,
- ✓ गाउँपालिका अन्तर्गतका विद्यालयहरुलाई विद्यालय संचालन, शिक्षण सिकाई तथा परीक्षा प्रणालीमा एकरुपता कायमको लागि शैक्षिक क्यालेण्डर निर्माण गरि पहिलो पटक उपलब्ध गराईएको,
- ✓ कक्षा १-३ मा लागू भएको एकीकृत पाठ्यपुस्तकलाई सरल र सहज तरिकाबाट शिक्षण गर्न शिक्षकलाई सहयोग पुर्याउन सबै विद्यालयहरुमा निर्देशिका उपलब्ध गराईएको,
- ✓ **SEE** उत्तीर्ण गरि मरिण गाउँपालिका अन्तर्गत संचालित मा.वि. हरुमा कक्षा ११ मा अध्ययन गर्ने छात्राहरुलाई एक/एक थान साइकल हस्तान्तरण गर्ने नीति अनुरुप १६१ थान साईकल हस्तान्तरण गरिएको,
- ✓ मातृभाषाको प्रवर्द्धनका लागि तामाङ भाषा र थामी भाषाको संरक्षण तथा प्रवर्द्धन गर्ने कार्य अगाडि बढाईएको एवं तामाङ भाषामा पठन-पाठनका लागि ४८ जना शिक्षकहरुलाई पुनर्ताजगी तालिम संचालन गरिएको,
- ✓ द्वन्द्वपीडित, अनाथ, एकल महिला, अपाङ्ग परिवार र अति विपन्न परिवारका एवं विद्यालय मर्जको कारण वालवालिकाले शिक्षा आर्जनवाट वञ्चित हुनु नपरोस् भनि वसको सुविधा सहित मा.वि. खयरसालमा स्थापना गरिएको आवासीय विद्यालय यसै शैक्षिक सत्र देखि संचालनमा आएको,
- ✓ गाउँपालिका, विभिन्न सरकारी एवं गैरसरकारी संघसंस्थाको सहकार्य, समन्वय तथा सहयोगमा सीपमूलक तालिमलाई विशेष प्राथमिकता दिई मरिण गाउँपालिकाका नागरिकहरुलाई मागमा आधारित आवश्यक सीपमूलक तालिममा जोड दिनुका साथै प्रदान गरिएको,
- ✓ १० बर्षे शिक्षा नीति र ५ बर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयनको चरणमा रहेको,
- ✓ सबै विद्यालयमा वसाई व्यवस्थापन, लैङ्गिक रुपान्तरण र समावेशी शिक्षा सम्बन्धी **ICT** मैत्री शिक्षण सिकाईको लागि करिब ५ करोड बराबरको परियोजना प्रस्ताव तयार गरि राष्ट्रिय योजना आयोगमा पेश गरिएकोमा उक्त प्रस्ताव स्वीकृत भई विशेष अनुदान स्वरुप रु. १ करोड वजेट प्राप्त भएको,

- ✓ शैक्षिक गुणस्तर सुधार र नियमनको लागि संयन्त्र मार्फत विद्यालयमा अनुगमन सुपरीवेक्षण गर्ने गरिएको,
- ✓ महिला कर्मचारी प्रसुती विदामा वसेको समयमा पनि सिकाईलाई निरन्तरता दिन ७ जना वैकल्पिक शिक्षक कर्मचारीको व्यवस्थापन गरिएको,
- ✓ गाउँपालिकाले कार्यान्वयनमा ल्याएको कक्षा १-८ को स्थानीय पाठ्यक्रमलाई सहज ढंगले विद्यार्थी माझ पठन-पाठन गर्न गराउन शिक्षकको सहयोगको लागि पाठ्यक्रम स्रोत सामग्री निर्माण गरि कार्यान्वयन गरिएको,
- ✓ मरिण गाउँपालिका स्थायी ठेगाना भई विभिन्न विद्यालयको कक्षा १२ सम्म अध्ययनरत अनाथ तथा द्धन्दपीडित परिवारका ६६ जना वालवालिकालाई छात्रावृत्ति सुविधा उपलब्ध गराईएको,
- ✓ विद्यालयको सिफारिसमा गाउँपालिकावाट विज्ञापन भइ विभिन्न तह र श्रेणीका १२ जना शिक्षकहरुलाई करारमा नियुक्ति गरी शिक्षण सिकाईलाई सहजीकरण गराईएको,
- ✓ ६० देखि ७० बर्षका जेष्ठनागरिक, अपाङ्ग, असाहय, द्धन्द्वपीडित व्यक्तिहरु एवं गर्भवती महिलालाई निशुल्क वीमा गराउने कार्यक्रम अन्तर्गत चालु आ.व. मा २७८ जनाले उक्त सुविधा प्राप्त गरेका,
- ✓ गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत् गाउँपालिकाबाट नै श्रम स्वीकृति प्रदान गर्ने कार्यको थालनी भई हालसम्म ७ जनाले सेवा लिई सकेको,
- ✓ मरिण गाउँपालिकाको कार्यालय परिसरमा विपद् न्यूनीकरणका लागि आपतकालीन केन्द्र स्थापना गरिएको एवं उक्त केन्द्रमा विपद् जोखिम व्यवस्थापन सम्बन्धी समाग्रीहरु समेत उपलब्ध रहेको,
- ✓ टि.पि.ओ नेपाल, सामुदायिक विकास केन्द्र सिन्धुली र गाउँपालिकाको साझेदारीमा प्रतिकूल मानसिक रोगबाट ग्रसित नागरिकहरुलाई परामर्श प्रदान गर्ने हेतुले सोको सहजीकरणका माध्यमबाट न्यूनीकरण गर्न १ जना मनोसामाजिक परामर्श कर्ताको नियुक्ति गरी गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका स्थास्थ्य चौकीहरुमा कार्यरत थप २ जना स्वास्थ्य कर्मीहरु र १५ जना शिक्षक समेत गरि १८ जनालाई मनोसामाजिक परामर्श सम्बन्धी तालिमको व्यवस्था गरिएको,
- ✓ घरायसी व्यवहार, लैङ्गिक हिंसा, प्राकृतिक प्रकोप आदिका कारण मनस्थित फरक हुन पुगेका र फरक व्यवहार देखाउने महिलाहरुको मनोविज्ञान अध्ययन गरि सो

अनुसार सल्लाह तथा उपचार उपलब्ध गराई व्यक्तिलाई पुरानै अवस्थामा ल्याउने प्रयोजनको लागि जिल्लामा स्थापना भएको **OCMC** लाई रु.१ लाख २५ हजार आर्थिक सहयोग प्रदान गरी सोको सहजीकरण गरिएको,

- ✓ आगजनीको कारण हुन सक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्न अत्याधुनिक दमकल/बारुण यन्त्र खरिदका लागि उद्योग वाणिज्य संघ सिन्धुलीलाई रु.५ लाख आर्थिक सहयोग प्रदान गरिएको,
- ✓ परिस्थितिजन्य कारणले आपतमा परेका महिलाहरु सहजीकरण गरि परिवारमा पुनर्मिलन गराउने उद्देश्यका साथ जिल्लामा स्थापना भएको सेफ हाउस लागि रु. २ लाख ५० हजार आर्थिक सहयोग उपलब्ध गराईएको,
- ✓ स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने मुद्दाको मेलमिलापको माध्ययमबाट निरुपण गर्ने प्रयोजनका लागि मेलमिलाप सहजकर्ता सूचीकृत, सपथ ग्रहण एवं निजहरुलाई तालिम प्रदान गरिएको,
- ✓ मुहान दर्ता गरी खानेपानी तथा लिफ्ट सिंचाईको विद्युत महशुल गाउँपालिकाबाट भुक्तानीको व्यवस्था मिलाई आम उपभोक्तालाई निशुल्क गराइएको,
- ✓ मरिण खोला लगायतका खोलामा विद्युतीय माध्यमद्धारा विषादी एवं विश्फोटकजन्य पदार्थ प्रयोग गरी माछा मार्ने कार्यमा निगरानी गरि सो कार्यलाई निरुत्साहित गरिएको,
- ✓ टोल तथा बस्ती स्तरबाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना एवं सामुहिक अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडालाई सहयोग, समन्वय तथा सहजीकरण गर्न सबै वडामा टोल विकास संस्था गठन गरिएको एवं दर्ता कार्य भईरहेको,
- ✓ यस गाउँपालिका क्षेत्र भित्रका ८८ जना एकल पुरुषहरुलाई प्रति व्यक्ति मासिक रु. २ हजारका दरले निर्वाह भत्ता प्रदान गर्ने कार्यको शुरुवात भइ सोको निरन्तरता स्वरुप अन्तिम त्रैमासिकमा प्रदान गरिने भत्ता वितरणको तयारी भइरहेको,
- ✓ फोहोर मैला व्यवस्थापनको लागि भालुमारा स्थित रहेको अस्थायी डम्पिङ साईटको घेरावेरा गरी फोहोरमैला व्यवस्थापनलाई दिगो, सुरक्षित एवं व्यवस्थित बनाउने कार्य भइरहेको,

- ✓ वित्तीय सुशासन अभिवृद्धि गर्नका लागि यस आ.व.मा हाल सम्म भएका एवं अब उप्रान्त हुने सम्पूर्ण भुक्तानी विद्युतीय भुक्तानी प्रणाली **(EFT)** मार्फत् हुने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिएको,
- ✓ पालिका तथा वडावाट संकलन हुने राजश्व विद्युतीय प्रणाली मार्फत् संकलन गर्ने कार्यलाई अनिवार्य गरिएको,
- ✓ यस गाउँपालिकाबाट सम्पादन गरिने कार्य मितब्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगवाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याइएको,
- ✓ व्यवस्था परिवर्तनको लागि विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्ने महान् सहिद परिवारलाई सम्मान कार्यक्रमको आयोजना गरी सम्मान गरिएको,
- ✓ सडक दुर्घटनाको न्यूनीकरण, नागरिकहरुको जीउधनको सुरक्षाको प्रत्याभूतिका लागि गाउँपालिकाको महत्वपूर्ण तथा भिडभाड हुने स्थान बाह्रविसे देखि नयाँ बस्ती र साहान चोक सम्मको सडकहरुमा सि.सि. क्यामरा जडान एवं सडक वत्तिको व्यवस्थापन गरिएको,
- ✓ विभिन्न कामको सिलसिलामा गाउँपालिकामा आएका सेवाग्राहीहरुको इन्टरनेटको पहुँचालाई अभिवृद्धि गर्दै सेवा प्रवाहलाई थप चुस्त एवं प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको कार्यालय परिसरमा फ्रि वाइफाइको व्यवस्था मिलाईएको,
- ✓ गाउँ कार्यपालिका कार्यालयबाट सम्पादन हुने विभिन्न कामहरुको वारेमा विस्तृत विवरण उल्लेख गरि नागरिकको सहायताको लागि कार्यालय परिसरमा डिजिटल नागरिक वडापत्रको व्यवस्था मिलाईएको,
- ✓ गाउँपालिकाको कार्यालयमा कार्यरत महिला कर्मचारी तथा वाहिरी सेवाग्राही महिलाहरुलाई सुरक्षित तवरले आफ्नो सन्तानलाई स्तनपान गराउनको लागि सहयोग पुगोस भन्ने उद्देश्यले गाउँ कार्यपालिकाको कार्यालय हाता भित्र स्तनपान कक्षको स्थापना गरिएको,
- ✓ प्रयोग भएका स्यानिटरी प्याडको सुरक्षित व्यवस्थापनलाई मध्यनजर गर्दै गाउँ कार्यपालिका कार्यालयको शौचालयमा भेन्डिङ मेसिनको व्यवस्था मिलाईएको,

- ✓ उद्यमीहरुले उत्पादन गरेका सामग्रीहरुलाई वजारीकरणको लागि मरिण गाउँपालिका वडा नं. ०६ को नयाँ बस्तीमा करिब ३३ लाख बराबरको कोसेली घर स्थापनार्थ निर्माण कार्य अन्तिम चरणमा रहेको,
- ✓ गाउँपालिका एवं अन्तर्गतका कार्यालयहरुवाट प्रवाह गरिएका बस्तु तथा सेवाको गुणस्तर मापन तथा सोको सुनिश्चितताको लागि प्रत्येक चौमासिकमा सरोकारवाहरुको उपस्थितिमा ७ वटै वडाहरुमा सार्वजनिक सुनुवाइ गर्ने कार्यक्रमको शुरुवात र सो लाई निरन्तरता दिइएको,
- ✓ जिल्ला सहकारी संघ सिन्धुलीको समन्वयमा गाउँपालिका क्षेत्र भित्र संचालित सहकारीहरुको अवस्था चित्रित गर्ने गरि पहिलो पटक सहकारी प्रोफाइल निर्माण गरी सहकारी अनुगमन र नियमन कार्यलाई प्रभावकारी रुपमा तीव्रता दिईएको,
- ✓ विद्यालयमा अध्ययनरत वालवालिकाहरुको सिकाईलाई निरन्तरता दिन आमा वाबु विहीन ४६ जना वालवालिकाहरुलाई निर्वाह भत्ता उपलब्ध गराईएको,
- ✓ वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत मरिण गाउँपालिका भित्र रहेका ७९२ जना गर्भवती र सुत्केरी महिलाहरुको लागि झुल वितरण गरिएको,
- ✓ महामारीको रुपमा देखा परेको डेंगु रोग नियन्त्रणका लागि गाउँपालिका क्षेत्रभित्र फगिङ्ग मेसिनको माध्यमबाट किटनाशक औषधि प्रयोग गरी नियन्त्रण गर्ने प्रयास गरिएको,
- ✓ चालु आ.व. मा विनियोजित बार्षिक बजेट तथा कार्यक्रममा उल्लिखित योजना तथा कार्यक्रम, सङ्घीय र प्रदेश सरकारबाट कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरुको अनुगमन, निरीक्षण, समन्वय, सहजीकरण तथा सहयोगलाई तीव्रता दिई योजनाको दिगोपना र गुणस्तरीय कार्यान्वयनको पक्षलाई जोड दिई सम्पन्न भएका योजनाहरुको भुक्तानीको कार्यलाई नियमित रुपमा अघि बढाई सहजीकरण गरेको,
- ✓ शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि तथा पशुपंक्षी र विपद् व्यवस्थापनको क्षेत्रमा गाउँपालिकाले विभिन्न गैरसरकारी संघ संस्था सँग समन्वय गरी उल्लेखनीय कार्य गर्न नीतिगत एवं संस्थागत संयन्त्र परिचालन गरी कार्य अगाडि बढाईएको,
- ✓ मरिण गाउँपालिका भित्र संचालित स्वास्थ्य संस्थाबाट रेफर भएका विरामीहरुलाई सुरक्षित तरवरले तोकिएको स्वास्थ्य संस्थामा लैजाने कार्यको लागि जनशक्ति तथा

प्राथमिक उपचारका औषधि सहितको **“ख”** वर्गको एम्बुलेन्स खरिद भई आपूर्ति हुन मात्र बाँकी रहेको,

- ✓ गत विगतका बर्षहरुमा परम्पराको रुपमा रहि आएको हिले एवं असारे विकासलाई रोक्न सबै सरोकारवालाहरुको समन्वय तथा सहकार्यमा आ.व. को शुरुवाती महिना देखि नै क्रमशः नियमित रुपमा योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दै चालु आ.व.को बैशाख मसान्त सम्ममा गाउँ कार्यपालिकाको कार्यालयले करिव ९८% भन्दा वढी योजनाहरु कार्यान्वयन प्रकृया अगाडि वढाई अधिकांश योजनाहरु सम्पन्न भएका,
- ✓ मरिण गाउँपालिकाको कार्यालय परिसरमा प्रत्येक विहिवार नागरिक आरोग्य सेवा कार्यक्रम संचालन गरि चालु आ.व.मा ११४८ जना नागरिकलाई सेवा प्रदान गरिएको,
- ✓ सङ्घीय तथा प्रदेश सरकार समक्ष वजेट माग गर्ने प्रयोजनार्थ चालु आ.व.मा तपसिल वमोजिमका योजनाहरुको **DPR** गरी सम्बन्धित निकायमा योजना तथा कार्यक्रमहरु माग गरिएको,

  क. बरुण खोला संरक्षण,

  ख. कल्पवृक्ष स्वास्थ्य चौकी भवन निर्माण,

  ग. **Feasibility Study of Educational Status of Marin Rural Municipality,**

  घ. मुंग्रेदोभान सिर्थौली भदौरे सडक,

  ङ. सिन्धुरे दोभान रातामाटा सेपाहा जोड्ने सडक,

  च. ल्याण्ड फिल्ड साइट व्यवस्थापन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण **IEE** रिपोर्ट तयार र सोको कार्यान्वयन,

  छ. मरिण खोलाबाट नदीजन्य पदार्थ उत्खनन् तथा विक्री वितरण गर्ने कार्यको प्रारम्भिक वातावरणीय परीक्षण **IEE** रिपोर्ट तयार र सोको कार्यान्वयन,

- ✓ बहुबर्षीय कार्यक्रमको रुपमा करिब ४ रु. करोड रकम बराबरको पशुपंक्षी प्रवर्द्धन वृहत् साझेदारी कार्यक्रमको प्रभावकारी कार्यान्वयन, (कार्यक्रम मार्फत हालसम्म ३३१ विउ पाठी, ५१ विउ वोका, उन्नत जातका विभिन्न घाँसका वेर्ना तथा तरकारीको वीउ विजन वितरण, ३८१ खोर सुधार, ११५ वटा गोठ सुधार, बाख्रा संकलन केन्द्रको भवन निर्माण, अत्याधुनिक पशु बध स्थल निर्माण, स्क्रिन टनेल निर्माण, बजारीकरणमा सहजीकरण गर्न दुग्ध संकलनका लागि अटो एवं कृषि

उत्पादनलाई प्रवर्द्धन गर्दै बजारीकरणलाई उच्च प्राथमिकता दिन कृषि उपज संकलनका लागि कृषि एम्बुलेन्स खरिद, २०० **KG** क्षमताको १४ वटा डिजिटल तराजु वितरण, पशु वीमा कार्यक्रम तथा पशु स्वास्थ्य शिवर कार्यक्रम संचालन)

- ✓ मरिण गाउँपालिकाको वडा नं. ५, ६ र ७ मा किसान सूचीकरणको कार्यक्रम संचालन भएकोमा उक्त कार्यक्रम अन्तर्गत वडा नं. ०५ मा १८९, वडा नं. ०६ मा ६४४ र वडा नं. ०७ मा ६३७ धरधुरीको विवरण तयार गरिएको,
- ✓ चालु आ.व.मा पालिकाको महत्वपूर्ण आयोजनाको रुपमा रहेका तपसिल बमोजिमका योजनाहरु ठेक्का प्रकृयाबाट कार्यान्वयनमा ल्याईएको,

क. क. गाउँपालिका प्रशासकीय भवन परिसर व्यवस्थापन तथा कम्पाउण्ड वाल निर्माण,

ख. १५ वेडको हस्पिटल निर्माण,

ग. ०३ नं. वडा कार्यालय भवन निर्माण

घ. वडा नं. ५ वडा कार्यालय भवन निर्माण,

ङ. वडा नं. ७ वडा कार्यालय भवन निर्माण,

च. महेश्वता हरिहरपुरगढी सडक,

छ. गढीदमार देउजोर दाहाल डाँडा सडक बिस्तार तथा स्तरोन्नती,

ज. मथौली भालुखोला सिंचाई आयोजना,

झ. प्यूरीआम्वास ज्यामिरे सडक स्तरोन्नती

ञ. पञ्च कन्या पोखरी पर्यटकीय पूर्वाधार निर्माण,

ट. घाटा खञ्जनी फर्से ज्यामिरे चुरे सडक,

ठ. कपिलाकोट शाखा रेडक्रम भवन निर्माण,

ड. खानेपानी योजना वडा नं.०४

- ✓ आगामी आ.व. २०८०/८१ को सङ्घीय सरकार तथा प्रदेश सरकार समक्ष माग गर्ने प्रयोजनार्थ वडाबाट छनौट भई आएका योजना तथा कार्यक्रमहरुलाई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन क्षेत्र अन्तर्गतका विषय क्षेत्रगत रुपमा करिव २७७ वटा योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि सङ्घीय सरकार, प्रदेश सरकार तथा

सम्बन्धित विषयगत कार्यालयहरु समक्ष वजेट माग गरिएकोमा संघ तथा प्रदेश सरकारवाट सन्तोषजनक रुपमा वजेट तथा कार्यक्रमहरु प्राप्त भएको,

- ✓ नेपाल विद्युत प्राधिकरण एवं जिल्ला विद्युत कार्यालय सिन्धुली सँगको सहयोग एवं समन्वयमा गाउँपालिका अन्तर्गतका वडाका विभिन्न स्थानहरुमा ग्रामीण विद्युतीकरणका कार्यहरुलाई तीब्रताका साथ अगाडि बढाईएको,
- ✓ मरिण गाउँपालिकाको मदन भण्डारी राजमार्ग आसपासका भित्र भुभागलाई समेत समेटी यातायातको पहुँलाई सुव्यवस्थित ढंगबाट अभिवृद्धि गर्न ११ मिटर फराकिलो कपिलाकोट महेश्वता रिङरोड निर्माण कार्य अगाडि बढाईएको,
- ✓ भगवती खोलामा आउन सक्ने बाढी एवं सोको नियन्त्रणलाई मध्यनजर गर्दै नागरिकको घर जग्गाको संरक्षण तथा यातायातको पहुँचलाई अभिवृद्धि गर्न भगवती खोलामा करिडोर निर्माणका लागि सम्भाव्यता अध्ययनको कार्यलाई अगाडि बढाईएको,
- ✓ नेपालको संविधानमा स्थानीय तहको एकल अधिकार सूचीमा उल्लिखित आधारभूत र माध्यमिक शिक्षाको गुणस्तरीय प्रवन्ध, सुनिश्चितता तथा सोको नियमन एवं व्यवस्थापनका मुताविक कक्षा १२ सम्मको शिक्षालाई निशुल्क गरिएको,
- ✓ नेपालको संविधानमा उल्लिखित आम नागरिकमा खानेपानी तथा सरसफाईको पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूत गर्न गाउँपालिका सँग साझेदारी गर्ने विभिन्न गैरसरकारी संघसंस्था एवं खानेपानी विभागको सहयोग र सहकार्यमा गाउँपालिकाको वास प्लान निर्माण तथा **WASH DESK** स्थापना,
- ✓ आवश्यकता एवं औचित्यताको आधारमा विभिन्न सङ्घीय, प्रादेशिक सरकारी कार्यालय एवं गैरसरकारी संघसंस्थाहरुलाई आर्थिक, प्राविधिक लगायतका अन्य विविध सहयोग उपलब्ध गराईएको,
- ✓ अपाङ्गता भएका नागरिकहरुलाई अवसर प्रदान गर्न एवं आवश्यकताको आधारमा पुनर्स्थापना लगायतका अपाङ्गतामैत्री कार्यका लागि अपाङ्गता ग्राम स्थापना गर्न मरिण गाउँपालिकाको वडा नं. ०७ स्थित बाह्रविसेमा जग्गा व्यवस्थापन गरी कार्य प्रक्रिया अगाडि बढाईएको,
- ✓ शहरी विकास तथा भवन निर्माण विभागको सहयोग, समन्वय एवं सहकार्यमा मरिण गाउँपालिकाको योजनाबद्ध शहरी विकासको लागि सम्भाव्यता अध्ययनको कार्यलाई तीव्रताका साथ अगाडि बढाईएको,

- ✓ जनप्रतिनिधिको हैसियतले सार्वजनिक सेवा प्रवाह गर्दा-गर्दै सोही क्रममा दिवंगत हुनु भएका वडा नं. ०६ का निवर्तमान वडाध्यक्ष कुर्साङ लामाको सम्झना एवं सम्मानमा वडा नं. ०६ स्थित नयाँ बस्तीमा पूर्णकदको शालिक निर्माण कार्य भई सालिकको अनावरण समेत भई सकेको,
- ✓ ग्रामीण दुरसंचार विकास कोष सँगको सहकार्य तथा समन्वयमा गाउँ कार्यपालिका एवं अन्तर्गतका वडा कार्यालय, सामुदायिक स्वास्थ्य कार्यालय, सामुदायिक विद्यालयहरुको क्षमता अभिवृद्धि गर्न र सेवा प्रवाहलाई प्रभावकारी बनाउन करिब ८४ लाख बराबरको २० एम.बि.पि.एस क्षमताको नन् डेडिकेटेड ब्रोड ब्याण्ड इन्टरनेट सेवा जडान कार्य सम्पन्न भएको,
- ✓ मरिणका नागरिकहरुमा सूचना तथा संचारको गुणस्तरीय पहुँच पुर्याउन नेपाल टेलिकम लगायतका सरोकारवाला निकायहरुको सहयोग एवं समन्वयमा मरिणका विभिन्न सम्भावित क्षेत्रहरुमा टावर स्थापनाको कार्यलाई तीव्रता दिईएको,
- ✓ विद्युत एवं विद्युतीय चुल्होलाई प्रवर्द्धन गर्ने हेतुले विद्युतको पहुँच पुगेको क्षेत्रका आर्थिक स्थिति कमजोर भएका नागरिकहरुलाई धुवाँ रहित, स्वास्थ्यका दृष्टिकोणले समेत उपयोगी विद्युतीय इन्डक्सन चुल्हो वडा नं. ०५ का २३० घरपरिवारलाई वितरण गरिएको,
- ✓ वातावरणीय एवं यातायात सवारीको लागत मितव्ययिताको दृष्टिकोणले अति नै उपयुक्त तथा उपयोगी विद्युतीय सवारी साधनलाई प्रवर्द्धन गर्न मरिण गाउँपालिकाको नयाँ बस्ती कभर्ड हल परिसरमा विद्युतीय सवारी साधन चार्जिङ स्टेशन निर्माणका लागि जग्गा व्यवस्थापन गरी कार्य प्रक्रिया अगाडि बढाईएको,
- ✓ करिब १ अर्ब बराबरको **Global Environment Facility (GEF)** को सहायतामा सञ्चालन हुने **Managing Watershed for Enhanced Resilience of Climate Change in Nepal (MaWRIN)** जलवायु परिवर्तन सँग सम्बन्धित आयोजना सम्भाव्यता अध्ययनबाट पहिचान भएका मरिणखोला एवं सोको सहायक खोलाहरुका विभिन्न स्थानहरुको संरक्षण, जैविक विविधता एवं वातावरणको संरक्षण गर्दै आसपासका नागरिकहरुको जीविकोपार्जनमा उत्थान गर्न कार्यक्रम कार्यान्वयन प्रकृया अगाडि बढाईएको,
- ✓ मरिण गाउँ कार्यपालिकाको कार्यालय एवं सो अन्तर्गत तथा मातहतका कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई जनप्रतिनिधि र कर्मचारीको समन्वयात्मक,

सहकार्यमुलक तथा सहयोगी भूमिकाबाट छिटो, छरितो, चुस्त एवं नागरिकमैत्री बनाउन अधिकत प्रयास गरिएको,

- ✓ वडा नं. ०२ को कार्यालय भवन उद्घाटन भई सेवा प्रवाह सोही भवनवाट संचालन भईरहेको,
- ✓ स्यानिटरी प्याडको व्यवस्थापन
- ✓ प्रविधि मैत्री शिक्षण सिकाईका लागि ३८ जना शिक्षकहरुलाई सूचना प्रविधि सम्बन्धि तालिम प्रदान गरिएको,
- ✓ जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धी तालिम संचालन गरिएको,

**श्रद्धेय अध्यक्ष महोदय**,

अब म आगामी आर्थिक वर्षको वित्तीय व्यवस्थापन तथा बजेट विवरण प्रस्तुत गर्दछुः

१०. आर्थिक वर्ष २०८०/८१ मा मरिण गाउँपालिकालाई वित्तीय हस्तान्तरण बापत प्राप्त हुने आयमा नेपाल सरकारबाट वित्तीय समानीकरण तर्फ प्राप्त हुने जम्मा रु. ९ करोड ६३ लाख, राजस्व वाडफाँड रु. ११ करोड १२ लाख १६ हजार, सशर्त अनुदान तर्फ रु. २२ करोड ४४ लाख, समपुरक अनुदान रु. ५० लाख, विशेष अनुदान रु. १ करोड ७० लाख, प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण तर्फ रु. ९३ लाख ७५ हजार, राजस्व वाडफाँड २ करोड ९२ लाख १० हजार ८०१, सशर्त अनुदान तर्फ प्राप्त हुने रु. २ करोड २८ लाख ५० हजार, समपुरक अनुदान रु. २ करोड र आन्तरिक श्रोत तर्फ रु. २ करोड ४३ अनुमान गरी आम्दानी तर्फ कुल अनुमानित वजेट रु. ५५ करोड ९६ लाख ५१ हजार ८०१ रहेको छ ।

११. सशर्त अनुदान वाहेक कुल विनियोजित वजेट मध्ये विषय क्षेत्रगत रुपमा आर्थिक विकास तर्फ रु. १ करोड ५७ लाख ९० हजार, सामाजिक विकास तर्फ रु. ८ करोड २३ लाख ६१ हजार १०० सय, पूर्वाधार विकास तर्फ रु. ५ करोड ५८ लाख ९० हजार, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ रु. १ करोड ४८ लाख १० हजार र कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ रु. १० करोड १५ लाख ५० हजार ७०१ गरी जम्मा रु. २७ करोड ०४ लाख ०१ हजार ८०१ प्रस्ताव गरेको छु ।

१२. शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई आगामी आर्थिक वर्षको वजेटमा विशेष प्राथमिकता दिइएको छ ।

१३. मरिण शिक्षा विकास योजना अनुरुप शैक्षिक गुणस्तर सुधार, बालविकास केन्द्र व्यवस्थापन, विद्यालय कर्माचारी प्रोत्साहन, शिक्षण सिकाई सहयोग अनुदान, कक्षा ११ मा भर्ना हुने छात्राहरुलाई साइकल वितरण, कक्षा ९-१२ निशुल्क कार्यक्रम, गाउँपालिका अध्यक्ष शैक्षिक सुधार एवं प्रोत्साहन तथा नियमन कार्यक्रम, गाउँपालिकाबाट स्थापना भएका वालविकास केन्द्रमा अध्ययनरत वालवालिकाको लागि दिवा खाजा अनुदान लगायतका कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ, जस अन्तर्गत शिक्षा तर्फ रु. ३ करोड ८४ लाख ४६ हजार १ सय वजेट प्रस्ताव गरेको छु ।

१४. कृषिको व्यवसायिकरण र आधुनिकीकरण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरि जनताको जीवनस्तरम सुधार ल्याउन नवप्रवर्तन एवं पशुपंक्षी प्रवर्द्धन वृहत साझेदारी कार्यक्रम, उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ, जस अन्तर्गत कृषि तथा पशुपंक्षी विकास कार्यक्रम तर्फ रु. ८० लाख ९० हजार बजेट प्रस्ताव गरेको छु ।

१५. आधारभुत स्वास्थ्यमा सबैको समान पहुँच तथा गुणस्तर स्वास्थ्य सेवा प्रवाहको लागि स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमहरु राखिएका छन, जस अन्तर्गत मरिण गाउँपालिका क्षेत्र भित्रका गर्भवति महिलाहरुको लागि सुत्केरी हुँदाको बखत निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्य, पोषण संवेदनशील कार्यक्रम, लक्षित नागरिक एवं गर्भवती महिला स्वास्थ्य वीमाका कार्यक्रम, लैङ्गिक समानताका लागि छोरी जन्माउने सुत्केरीलाई पोषण खर्च, प्राथमिक स्वास्थ्य केन्द्र, बर्थिङ र स्वास्थ्य चौकीहरुको व्यवस्थापन, महिला स्वास्थ्य स्वंयसेविका प्रोत्साहन खर्च, कानुनद्वारा निशुल्क गरिएका औषधिहरुको प्रर्याप्त व्यवस्थापन र आयुर्वेद औषधालयको सुदृढीकरण, प्राथमिक स्वास्थ्य केन्द्र डिजिटल एक्सरे र शव व्यवस्थापन फ्रिज खरिद लगायतका कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ जस अन्तर्गत स्वास्थ्य तर्फ रु. १ करोड २३ लाख वजेट प्रस्ताव गरेको छु ।

१६. भूमिहिन दलित सुकुम्बासी र अव्यवस्थित वसोबासीहरुको समस्या समाधान गरि जग्गा धनी पूर्जा उपलब्ध गराउने कार्य, नयाँ लघु उद्यमीहरुलाई व्यवसाय स्थापना, सञ्चालन तथा बिस्तारको लागि प्रबिधि हस्तान्तरण, सहकारी साझेदारी प्रवर्द्धन कार्यक्रम, पञ्चकन्या पोखरी पर्यटकीय पूर्वाधार विकास लगायतका कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ, जस अन्तर्गत भूमि, उद्योग तथा वाणिज्य, सहकारी तथा पर्यटन तर्फ रु. ७७ लाख वजेट प्रस्ताव गरेको छु ।

१७. खानेपानी तथा सरसफाईको क्षेत्रको लागि रु. १ करोड १ लाख ६० हजार वजेट प्रस्ताव गरेको छु ।

१८. संस्कृति प्रवर्द्धन, खेलकुद तथा मनोरञ्जन क्षेत्रको विकासका लागि रु. ८१ लाख ७५ हजार प्रस्ताव गरेको छु ।

१९. लैङ्गिक सशक्तिकरण तथा सामाजिक समावेशीकरण अन्तर्गत सहिद सम्मान कार्यक्रम, एकल पुरुष भत्ता वितरण, स्नातक तह उतीर्ण गरी विवाह गर्ने किशोरीहरुलाई प्रोत्साहन लगायतका कार्यक्रमहरुका लागि रु. ७४ लाख ८० हजार बजेट प्रस्ताव गरेको छु ।

२०. स्थानीय ग्रामीण सडक तथा झोलुङ्गे पुल कार्यक्रम अन्तर्गत गाउँपालिकाको गौरवका सडक योजना, स्थानीय ग्रामिण सडक तथा झोलेङ्गे पुल निर्माण समेतका आयोजनाहरुको लागि रु. ३ करोड १० लाख ४० हजार वजेट प्रस्ताव गरेको छु ।

२१. भवन तथा सहरी विकास कार्यक्रम अन्तर्गत गाउँपालिकाको गौरवको आयोजनाको रुपमा वडा कार्यालय भवन निर्माण, वडा नं. ४ साहानमा फुटवल रंगशाला स्तरोन्नती, तथा अन्य सार्वजनिक निर्माण तथा मर्मत सम्भार कार्यका लागि रु. २ करोड ५० लाख १५ हजार बजेट प्रस्ताव गरेको छु ।

२२. लघु तथा साना सिँचाइ निर्माण तथा व्यवस्थापन कार्यको लागि रु. २४ लाख ३५ हजार बजेट प्रस्ताव गरेको छु ।

२३. वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत फोहोरमैला डम्पिङ साइडको व्यवस्थापन, उद्दार, राहात तथा पुनस्थापना कार्यको लागि विपद व्यवस्थापन कोष स्थापना, आकस्मिक कोष संचालन, जल उत्पन्न प्रकोप नियन्त्रण लगायत अन्य कार्यका लागि रु. ६७ लाख ३० हजार प्रस्ताव गरेको छु ।

२४. सुशासन प्रवर्द्धनको क्षेत्रमा न्यायिक समिति व्यवस्थापन, सार्वजनिक सुनुवाई, मिडिया मार्फत गाउँपालिका कार्यक्रम प्रशारण, सामाजिक सुरक्षा भत्ता वितरण घुम्ती शिविर संचालन, गुरुयोजना, सर्भे डिजाईन लगायतका कार्यक्रम संचालनका लागि रु. १ करोड १२ लाख ८० हजार वजेट प्रस्ताव गरेको छु । साथै कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ रु. १० करोड १५ लाख ५० हजार ७ सय १ प्रस्ताव गरेको छु ।

२५. आगामी आर्थिक वर्ष २०८०/८१ को लागि पालिका तर्फ चालु खर्च तर्फ रु. १७ करोड ८१ लाख ४६ हजार ८ सय १, पुँजीगत खर्च तर्फ रु. ९ करोड २२ लाख

५५ हजार, सशर्त अनुदान तर्फ रु. २४ करोड ७२ लाख ५० हजार, समपुरक अनुदान तर्फ रु. २ करोड ५० लाख र विशेष अनुदान तर्फ १ करोड ७० लाख गरी कुल वजेट रु ५५ करोड ९६ लाख ५१ हजार ८०१ खर्च गर्ने प्रस्ताव गरेको छु ।

२६. आगामी आर्थिक वर्ष सञ्चालन हुने मुख्य मुख्य आयोजना र क्रियाकलापहरु, अनुमानित व्यय र श्रोत व्यवस्थापनको विवरण अनुसूचीमा प्रस्तुत गरेको छु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

२७. यसै साथ मरिण गाउँपालिकाको मरिण गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को बार्षिक बजेट तथा कार्यक्रम छलफल गरी अनुमोदन गर्ने प्रयोजनार्थ सभा समक्ष पेश पेश गर्दछु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

२८. हाम्रा आवश्यकताहरु असीमित छन् तर स्रोत र साधनहरु सीमित छन् । सीमित स्रोत र साधनबाट समग्र मरिणवासीको चाहना एवं विकासलाई सम्बोधन गर्न आफैंमा चूनौतिपूर्ण छ । त्यसैले सीमित स्रोत र साधनलाई प्राथमिकतापूर्वक परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ । सम्मानित सभा समक्ष प्रस्तावित बार्षिक कार्यक्रम तथा वजेट कार्यान्वयन पश्चात गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक अवस्थामा उल्लेख्य सुधार भई नागरिकको जीवनस्तरमा सुधार हुने विश्वास गरिएको छ। नीति तथा कार्यक्रमको कार्यान्वयनमा स्थानीय सरकारलाई अपेक्षित सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै सभाका सम्पूर्ण सदस्यज्यूहरुको सहयोग र सहकार्यको पूर्ण सहयोगको आशा लिएको छु ।

२९. वजेट निर्माण कार्यमा प्राविधिक रुपमा अहोरात्र खटिनु हुने प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत कर्मचारी परिवार, वजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, राजस्व परामर्श समितिका सदस्यज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका संयोजक एवं सदस्यज्यूहरु लगायत सम्पूर्ण सरोकारवालाहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !!!